# अध्याय - एक

# शोधको परिचय

## अध्ययनको पृष्ठभूमि

कथाकार विश्वेश्वरप्रसाद कोइराला ( वि. स. १९७१–२०३९) नेपाली साहित्यका क्षेत्रमा कोइराला खास गरी कथाकार मानिन्छन् । यिनका कथाको जीवन्त–चिन्तन मानव–जिजिविषा देखिन्छ । प्रारम्भमा कथा लेखनमा सक्रिय रहेका कोइरालाका कथासङ्ग्रहमा 'दोषी चस्मा', (२००६) र श्वेतभैरवी (२०३८) प्रकाशित छन् । कोइरालाको यर्थाथवादी धारालाई विस्तार गरी मनोवैज्ञानिक यर्थाथवादी सूत्रपात र विस्तार गरेका हुन् । त्यसैले उनलाई मनोवैज्ञानिक यर्थाथवादी प्रवृत्तिका प्रथम कथाकार मानिन्छ । पात्रभित्रमा चेतन, अर्धचेतन र अचेतन मनका शृङ्खलालाई केलाई सत्यसन्धान गराउने प्रवृत्ति उनमा भेटिन्छ । (भण्डारी २०७१ पृष्ठ ५५)

मानवीय जीवनमा दैनिक व्यवहार सञ्चालन गर्न मानवद्वारा दैनिक रुपमा प्रयोग गरिने वस्तुलाई भाषा भनिन्छ । भाषाको अध्ययन गर्ने विज्ञानलाई भाषाविज्ञान भनिन्छ । भााषाको अध्ययन सैद्धान्तिक र प्रयोगात्मक दुई तरिकाबाट गरिन्छ । व्यवहारिक प्रयोगलाई अध्ययनमा राखेर अध्ययन विश्लेषण गर्ने भाषाविज्ञानको शाखालाई प्रायोगिक भाषाविज्ञान भनिन्छ । प्रायोगिक भाषाविज्ञानका क्षेत्रमा सङ्कथन विश्लेषण पनि एक हो ।

सामान्य अर्थमा सङ्कथन वाक्यभन्दा माथिल्लो एकाइलाई सङ्कथन भनिन्छ । यो वाक्यभन्दा माथिको भाषाको प्रयोगविस्तार हो । यसलाई पूर्ण एवम् सिङ्गो अभिव्यक्तिका रुपमा लिन सकिन्छ । कुनै उच्चारण वा वाक्य भन्दा परसम्मको कथ्य वा लेख्य भाषाको विस्तारसँग सङ्कथनको सम्बन्ध रहन्छ । संरचनाको आधारमा भन्नुपर्दा सङ्कथन एउटा सिङ्गो भाषिक अभिव्यक्ति हो । त्यसैले सङ्कथन एकातर्फ पाठ रहन्छ भने अर्कोतर्फ सन्दर्भ रहन्छ । (ह्यालिडे र हसन १९९१ : ४८) । तसर्थ सङ्कथन विश्लेषणमा सन्दर्भपरक अर्थ र पाठपरक सङ्गठनका दृष्टिकोणबाट अध्ययन गरिएको छ ।

प्रस्तुत अध्ययन त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संङ्काय अर्न्तगत सञ्चालित एम्. एड्. दोस्रो वर्ष ने. पा. शि. ५९८ को आवश्यकतामा तयार पारिएको छ । प्रस्तुत अध्ययन कथाकार विश्वेश्वरप्रसाद कोइरालाको श्वेतभैरवी कथाको सङ्कथन समबद्धकका आधारमा गरिएको छ ।

## सङ्कथनको परिचय

सङ्कथन विश्लेषण भनेको भाषाको वाक्य भन्दा माथिल्लो एकाइ र्न सङ्कथन हो । यसले भाषाको वाक्य भन्दा माथिल्लो प्रयोग विस्तारलाई जनाउँछ (अधिकारी : २०७४: २६६) । सङ्कथन खास भाषाको कथन घटनासंग सम्बन्धित हुन्छ । यो पूर्ण एवं सिङ्गो अभिव्यक्ति हो । सङ्कथन  विश्लेषणले कथ्य र लेख्य भाषाका वाक्यभन्दा माथिल्ला भाषिक एकाइहरूको अध्ययन गर्दछ । रूप , शब्द, पदावली, उपवाक्य र वाक्यहरू व्याकरणका एकाई हुन भने अनुच्छेद, परिच्छेद आदि सङ्कथनका एकाइ मानिन्छन् । वाक्यभन्दा माथिल्लो भाषिक एकाइका नियम र सीमाहरूको खोजी सङ्कथन  विश्लेषणमा हुन्छ ।

सङ्कथनको विकास कथ्य अभिव्यक्तिबाट भएको मानिन्छ । कथ्य सङ्कथनहरू खास सङ्कथनमा भाषिक सामग्रीको पूरकका रूपमा वक्ताका हाउभाउ, अङ्ग सञ्चालन एवं मुखमुद्राका साथै परिवेशीय सन्दर्भ निक्कै प्रभावकारी भएर रहेको पाइन्छ । पछि विस्तारै लेख्य अभिव्यक्तिलाई सङ्कथन बुझाउन थाल्यो । भाषिक दृष्टिले लेख्य अभिव्यक्तिका सङ्कथनहरू भरिला, खँदिला र सुगठित देखिन्छन् । लेख्य अभिव्यक्ति भित्र निबन्ध, जीवनी, कथा, चिठ्ठी, दैनिकी ...... आदि विभिन्न विधाहरू पर्दछन् ।

यसरी वाक्य भन्दा माथिल्लो भाषिक एकाइलाई सङ्कथन  भनिन्छ । सङ्कथनमा विभिन्न किसिमका उक्तिहरू रहेका हुन्छन । ती उक्तिहरूलाई अन्वितिपूर्ण बनाउन सङ्कथनमा सम्बद्धक र सम्बद्धनको भूमिका रहन्छ । वाक्य वा वाक्य भन्दा माथिल्लो भाषिक एकाइहरूकाबिच अन्तरसम्बन्ध जनाउन आउने सार्वनामिक, कालिक आदि भाषिक तत्त्वलाई सम्बद्धक भनिन्छ । यो वाक्यहरूका बीच शृङ्खला वा अन्विति जनाउन आउने एक किसिमको युक्ति हो । यसरी वाक्यभन्दा उपल्लो सम्बद्धक र सम्बद्धनयुक्त पूर्ण र सिङ्गो भाषिक अभिव्यक्तिलाई सङ्कथन भनिन्छ ।

## सङ्कथनको परिभाषा

सङ्कथन विश्लेषणलाई चिनाउन विभिन्न विद्धानहरूले निम्नानुसार परिभाषा दिएर स्पष्ट पारिएको छ :

(१) "भाषाको प्रसङ्ग वा सन्दर्भसँग सम्बनिधत सम्प्रेषणात्मक कार्यलाई सङ्कथन भनिन्छ ।" - डेभिड नुनान ।

(२) "भाषिक सङ्केतको उत्पादनका रूपमा सङ्कथनलाई लिन सकिन्छ ।" - एलेन र कर्डर

(३) “वाक्यहरूको संयोजनका रूपमा सङ्कथनलाई लिन सकिन्छ ।” - डेभिड. एस्. ह्यारिस

(४) “सङ्कथन भाषाको त्यो अध्ययन हो, जुन वाक्यको अवधारणासंग सम्बन्धित रहेको हुँदैन ।” - माइकल म्याकार्थी

(५) “सङ्कथन  सामर्थ्य भाषिक सामर्थ्यको एउटा अंश हो ।” - चम्स्की

माथिका विभिन्न विद्वानहरूद्वारा दिइएका परिभाषाका आधारमा सङ्कथन भनेको वाक्यभन्दा माथिल्लो भाषिक एकाई हो । सङ्कथनमा पूर्णता रहेको हुन्छ । सङ्कथन कथ्य र लेख्य माध्यममा हुन्छन् । सङ्कथन  औचित्यपूर्ण र अर्थपूर्ण हुन्छ ।

**सङ्कथनका प्रकारहरू**

सङ्कथनलाई विभिन्न विद्वानहरूले आ-आफ्नै तरिकामा व्याख्या र विश्लेषण गर्दै वर्गीकरण गरेका छन् । सामान्य अर्थमा सङ्कथनलाई सामान्य र विशिष्ट भनेर वर्गीकरण गरेको पाइन्छ । खासगरी सङ्कथनलाई कथ्य र लेख्य सङ्कथनमा समेट्ने हुनाले सोही अनुरूप सङ्कथनका प्रकार उल्लेख गरिन्छ । शान्तिप्रसाद ढकाल (२०७० : २१) का अनुसार सङ्कथनका प्रकारहरू निम्न रहेका छन् :

**कथ्य सङ्कथन**

कथ्य सङ्कथनको मौखिक अभिव्यक्ति (बोलाई) लाई जनाउँदछ । कुनै निश्चित विषयमा वक्ता र स्रोता उपस्थितिमा सञ्चारका साधन प्रयोग गरी अर्थपूर्ण ढङ्गले गरिने विचारको आदनप्रदानलाई कथ्य सङ्कथन  भनिन्छ । कथ्य सङ्कथनमा गफ, कुराकानी, संवाद, वादविवाद, ठट्टा, छलफल, प्रश्नोत्तर, कथाकथन, वस्तु चित्र वा घटना वर्णन, श्रद्धाञ्जली, समवेदना, धन्यवाद ज्ञापन, बधाई ज्ञापन, सपथ ग्रहण, गाली, प्रसंसा आदि पर्दछन् । कथ्य सङ्कथनमा अव्याकरणीय वाक्यको समेत प्रयोग  गर्न सकिन्छ । भाषको जीवन्त प्रयोग कथ्य भाषा हो । यसमा हार्दिकता र सहयोगिताको खाँचो हुन्छ । सङ्कथन भाषाको औपचारिक, अनौपचारिक, सामान्य र स्तरीय भेदसंग सम्बन्धित हुन्छ । कथ्य सङ्कथनमा विचार व्यक्त गर्ने कममा पर्खन सक्ने धैर्यता चाहिन्छ । सङ्कथनले मौखिक भाषासंग सम्बन्धित कथ्य घटनाहरूलाई जनाउँछ ।

**लेख्य सङ्कथन**

भाषाको लिखित अभिव्यक्तिसंग सम्बन्धित अथवा लेखक र पाठकसंग सम्बन्धित सङ्कथनलाई लेख्य सङ्कथन  भनिन्छ । यस्तो सङ्कथनमा पाठक कल्पित भूमिकामा रहन्छ

। लेख्य सङ्कथनमा अभिव्यक्तिको सामुन्नेमा श्रोता र पाठक दुवै हुँदैन् । लेखकले पाठकलाई स्पष्टिकरणको मौका पनि प्राप्त हुदैन । कथ्य सङ्कथनमा भन्दा लेख्य सङ्कथनमा बढी विशिष्ट र औपचारिक भाषाको प्रयोग हुन्छ । यस्ता अभिव्यक्ति भित्र लिखित प्रतिवेदन, चिठ्ठी, निबन्ध, कथा, कविता, जीवनी, मनोवाद आदि अभिव्यक्तिहरू समेटिन्छन् । यस्ता अभिव्यक्तिहरूमा थोरै सरल र धेरै जटिल वाक्यहरू पर्दछन् । स्वभाविक र प्रभावकारितालाई ख्याल गरी पाठकले लिखित अभिव्यक्ति ग्रहण गर्नु पर्ने भएकाले यस्ता सङकथनलाई कथ्य सङ्कथनभन्दा जटिल प्रकृतिका सङ्कथन  मानिन्छ ।

**समस्या कथन**

प्रस्तुत शोधपत्र 'श्वेतभैरवी' कथाको सङ्कथन विश्लेषणमा केन्दित छ । 'श्वेतभैरवी' कथामा प्रयुक्त सङ्कथन खोजी गर्नु नै यसको  मूल समस्या हो । प्रस्तुत अध्ययन निम्नलिखित समस्यामा केन्द्रित छ :

(क) कथाकार विश्वेश्वरप्रसाद कोइरालाद्वारा लिखित 'श्वेतभैरवी' कथामा के कस्ता सम्बद्धकहरूको प्रयोग भएका छन् ?

(ख) उक्त कथामा प्रयुक्त सम्बद्धकहरूको उपयुक्तता के कस्तो छ ?

**अध्ययनको उद्देश्य**

प्रस्तुत अध्ययन निम्नलिखित उद्देश्यमा रहेको छः

(क) कथाकार विश्वेश्वर प्रसाद कोइरालाद्वारा लिखित 'श्वेतभैरवी' कथामा प्रयुक्त सम्बद्धकहरूको अध्ययन गर्नु,

(ख) उक्त कथामा प्रयुक्त सम्बद्धकहरूको उपयुक्तता केलाउनु ।

**अध्ययनको औचित्य र महत्त्व**

भाषाविज्ञानको एउटा नवीन शाखा सङ्कथन विश्लेषण हो । यसमा वाक्य वा वाक्यभन्दा माथिल्ला भाषिक एकाइहरू बीच अन्तरसम्बन्ध जनाउन आउने सार्वनामिक, कालिक, दैशिक आदि तत्त्वलाई सम्बद्धकका रूपमा लिन सकिन्छ । यसलाई अन्वयक, जोडक, वा जोर्नीका रूपमा लिन सकिन्छ । पस्पर अन्वयमा आबद्ध भएका कथनलाई सम्बन्द्धन भनिन्छ ।

भाषाको महत्त्वपूर्ण पाटोको रूपमा भूमिका खेल्ने सङ्कथन भाषा शिक्षण क्षेत्रमा पनि अति आवश्यक रहेको छ । तसर्थ, प्रस्तुत अध्ययनबाट सङ्कथनका क्षेत्रमा अध्ययन गर्न चाहने जोकोहीलाई पनि सहयोग पुग्ने अपेक्षा गरिएको छ । यस शोधकार्यले सङ्कथनको सैद्धान्तिक आधार तयार पार्नुका साथै लेखक, नीति, निर्माता, शिक्षक, विद्यार्थी, कथाकार, भाषापाठ्यक्रमविद् आदि सबैलाई सहयोगमा यस अध्ययनको औचित्य प्रष्ट हुन्छ ।

**अध्ययनको परिसीमा**

प्रस्तुत शोधकार्य निम्नलिखित सीमाङ्कनमा बाँधिएर तयार पारिएको छ :-

(क) प्रस्तुत शोध कथाकार विश्वेवरप्रसाद कोइरालाको 'श्वेतभैरवी' शीर्षक कथाको सङ्कथन विश्लेषणमा मात्र केन्द्रित रहेको छ ।

(ख) उक्त कथामा प्रयुक्त सम्बद्धकको उपर्युक्ततामा मात्र केन्द्रित रहेको छ ।।

(ग) उक्त कथामा प्रय्क्त सम्बद्धकहरू जस्तैः संयोजन, स्थानिक, सार्वनामिक, निपात, पारस्पारिक आदि पहिचान गरिएको र विश्लेषण कार्यमा केन्द्रित रहेको छ ।

**पारिभाषिक शब्दावलीहरू**

यस अध्ययनमा प्रयोग भएका केही पारिभाषिक शब्दहरूलाई निम्नानुसार उल्लेख गरिएको छ ।

सङ्कथन : भाषाको सबैभन्दा माथिल्लो र पूर्ण एकाई

कथा : 'श्वेतभैरवी' कथा सङ्ग्रहमा सङ्गृहीत श्वेतभैरवी कथा

प्रस्तोता : सङ्कथनलाई अभिव्यक्त गर्ने व्यक्ति

वोद्धा : प्रस्तोताले अभिव्यक्त गरेको सूचना ग्रहण गर्ने व्यक्ति ।

माध्यम : सङ्कथनलाई प्रवाह गर्ने भाषा

कोड : भाषा

सम्बद्धक : अभिव्यक्तिमा जोडकका रूपमा प्रयोग हुने भाषिक जोर्नी

**शोधपत्रको रूपरेखा**

प्रस्तुत शोधपत्रको रूपरेखा यस प्रकारको छ :-

अध्याय एक : शोध परिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा तथा सैद्धान्तिक अवधारणा

अध्याय तीन : अध्ययन विधि /प्रक्रिया

अध्याय चार : व्याख्या विश्लेषण

अध्याय पाँच : निष्कर्ष, सुझाव र उपयोगीता

सन्दर्भ सूची

# अध्याय - दुई

# पूर्वकार्यको समीक्षा तथा शैद्धान्तिक अवधारणा

## पूर्वकार्यको समीक्षा

कुनै पनि कार्य गर्नु अघि सम्बन्धित विषय क्षेत्रमा यस अघि भए गरेका कार्यहरूको बारेमा सुक्ष्म अध्ययन गर्नु महत्त्वपूर्ण पक्ष मानिन्छ । भाषिक अनुसन्धानको सिलसिलामा सम्बन्धित विषयमा यस अघि सम्पन्न भएका कार्यहरू (पुस्तक, लेख, रचना, पत्रपत्रिका, शोधपत्र, प्रतिवेदन आदि) को गहन रूपमा अध्ययन गरी ती कार्यहरूको समीक्षा प्रस्तुत गर्नु पूर्वकार्यको समीक्षा हो । यस सङ्कथन विश्लेषणका क्षेत्रमा भएका विभिन्न विधानहरूल गरेका केही सान्दर्भिक प्रयासलाई पूर्वकार्यका रूपमा कसैसंग प्रस्तुत गरिएको छ । यसलाई निम्नानुसार हेर्न सकिन्छ :-

## पुस्तक समीक्षा

**न्यौपाने र अन्य (२०६७)** द्वारा सामान्य भाषविज्ञान पुस्तक लेखिएको छ । उक्त पुस्तकमा जम्मा ९ (नौं) ओटा एकाइहरू समावेश गरिएको छ । ती एकाइहरूलाई जम्मा पृष्ठ संख्या ३३१ सम्म्मा प्रस्तुत गरिएको छ । ती एकाई एकमा उल्लेखित पृष्ठ १३ मा भाषाविज्ञानका शाखाहरू छन् । त्यस अन्तर्गत मूख्य शाखाको रूपमा पृष्ठ २१ मा सङ्कथन विश्लेषण पनि समावेश गरी व्याख्या गर्ने प्रसङ्गमा सङ्कथन विश्लेषणलाई वाक्य भन्दा माथिल्लो एकाई सङ्कथन हो भनी भनिएको छ । सङ्कथनसम्बन्धी अवधारणाको प्रारम्भमा यसलाई कथ्य भाषाका कथनघटनासंग सम्बन्धित सिङ्गो अभिव्यक्ति मानिन्थ्यो भनी भनिएको छ । यस अन्तर्गत वाक्यभन्दा माथिल्लो एकाई भनी त्यस बुँदालाई टुङ्ग्याएको छ । त्यसैगरी वाक्य वा वाक्यभन्दा माथिल्ला भाषिक एकाइहरूका बीच अन्तरसम्बन्ध जनाउन आउने सार्वनामिक, कालिक, दैक्षिक आदि तत्त्वलाई सम्बद्धकका रूपमा लिन सकिन्छ । उक्त पुस्तकमा सङ्कथनका प्रकारहरू (कथ्य, लेख्य ) को चर्चा गरिएको छ । साथै सङ्कथनमा रहेका विभिन्न उक्तिहरूलाई अन्वितिपूर्ण बनाउन विशेष भूमिका खेल्ने सम्बद्धक र सम्बद्धनको बारेमा पनि उल्लेख गरिएको छ ।

**भण्डारी र अन्य (२०६७)** द्वारा लिखित सामान्य भाषाविज्ञान नामको पुस्तक लेखिएको छ । यस पुस्तकमा सङ्कथन विश्लेषणका बारेमा उल्लेख गरिएको छ । जसमा सङ्कथनका प्रकारहरू (कथ्य र लेख्य) र सङ्कथनका तत्त्वहरू (सार्वनामिक, कालिक ,

दैशिक आदि) लाई अघि सार्दै यी तत्त्वहरूले पाठलाई अघि बढाउन कस्तो किसिमको भूमिका दसाउँछ भन्ने चर्चा गरिएको पाइन्छ । यस शोधपत्रलाई अघि बढाउनका लागि उक्त पुस्तकलाई पनि स्रोत सामग्रीको रूपमा लिएएको छ ।

**ढकाल (२०६९)** द्वारा लिखित प्रायोगिक भाषाविज्ञान पुस्तकमा सङ्कथन विश्लेषणको सैद्धान्तिक परिचय दिइएको छ । यसमा भाषाका विभिन्न एकाइहरूलाई अघि सारिएको पाइन्छ । जस्तै : ध्वनि, वर्ण, रूप, शब्द, पदावली, वक्यांश, वाक्य, अनुच्छेद, परिच्छेद हुँदै सिङ्गो कथन निर्माण हुने कथा उल्लेख गरिएको पाइन्छ । यसरी नै सङ्कथनका युक्तिहरू भनि सम्बद्धक र सम्बद्धनलाई भनिएको छ । सम्बद्धकका प्रकारहरू भनी सार्वनामिक सम्बद्धक, स्थानिक र कालिक सम्बद्धक, संयोजन, लोप, पुनरावृत्ति, प्रतिस्थापन र कोशीय अर्थ सम्बन्धलाई उल्लेख गरी सम्बद्धनको पनि व्याख्या गरिएको छ । उक्त पुस्तकले यस शोधकार्य गर्नमा सहयोग पुगेको हुँदा उक्त पुस्तक सहयोगी पुस्तकको रूपमा लिइएको छ ।

**अधिकारी (२०७४)** द्वारा लिखित सामाजिक र प्रायोगिक भाषा विज्ञान भन्ने पुस्तक लेखिएको छ । उक्त पुस्तकमा सङ्कथन विश्लेषणका बारेमा सैद्धान्तिक चर्चा गरिएको छ । यसमा सङ्कथनको सैद्धान्तिक रूप तथा सङ्कथनमा अन्तर्निहित सम्बद्धक र सम्बद्धनको प्रकारलाई पनि छोटकरीमा प्रष्ट परिएको छ । लेखकले सङ्कथनका तत्त्वहरूलाई (प्रस्तोता, बोद्धा, मार्गसूचकको स्वरूप, शीर्षक, विषय कोड, परिवेश) साथै भाषाशिक्षण सङ्कथनमा केन्द्रित रहन्छ भनि उल्लेख गरिएको छ । यस शोध कार्य उक्त पुस्तकलाई शोधको सहयोगी सामग्रीका रूपमा राखिएको छ ।

## शोध समीक्षा

**खनाल (२०७२)** द्वारा 'मधुमालतीको कथा' शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोध त्रिवि शिक्षाशास्त्र सङ्कायअन्तर्गत, नेपाली भाषा शिक्षा विभाग, जनता बहुमुखी क्याम्पस, इटहरी, सुनसरीबाट नेपाली भाषा शिक्षा विषयमा स्नातकोत्तर उपाधिका लागि तयार पारिएको हो । यस शोधकार्य पाँच अध्यायमा संरचित शोध जम्मा ७० पृष्ठ सङ्ख्या रहेको छ । अध्याय एकमा शोध परिचय शीर्षक भित्र पृष्ठभूमि, समस्या कथन, अध्ययनका उद्देश्यहरू, अध्ययनको रूपरेखा रहेको छ । त्यसैगरी अध्याय दुईमा पूर्वकार्यको समीक्षा तथा धाराणात्मक संरचना रहेको छ । अध्याय तीनमा अध्ययनको प्रकिया रहेको छ । त्यस अन्तर्गत तथ्याङ्क संकलन, तथ्याङ्क विश्लेषणको अध्ययन गरिएको देखिन्छ । त्यसैगरी

अध्याय चारमा मधुमालतीको कथाको व्याख्या र विश्लेषणमा केन्द्रित रहेर अध्ययन गरिएको छ। अध्याााय पाँचमा उल्लेखित शोधकार्यको निष्कर्ष र सुझाव, उपयोगिता रहेको छ।

उक्त शोधकार्यको समस्याकथन उन्तर्गत

(क) कथाकार रमेश विकलद्वारा लिखित 'मधुमालतीको कथा' मा के कस्ता सम्बद्धकहरूको प्रयोग भएको छ ?

(ख) उक्त कथामा प्रयुक्त सम्बद्धकहरूको उपर्युक्तता के कस्तो छ ?

यस शोधकार्यको अध्ययन विधि अन्तर्गत पुस्तकालयीय विधिको प्रयोग गरिएको छ। प्राथमिक स्रोतका रूपमा रमेश विकलको 'मधुमालतीको कथा' कथालाई अध्ययन गरिएको छ। त्यसैगरी द्वितीयक स्रोतका रूपमा सङ्कथन विश्लेषण सम्बन्धी सैद्धान्तिक लेख-रचना, पुस्तकालयमा रहेका विविध पाठ्यपुस्तक तथा अन्य अप्रकाशित विविध पुस्तक रहेका छन्।

यस सोधमा 'मधुमालतीको कथाको अध्ययन गरिएको छ भने मैले गर्ने यस शोधमा श्वतभैरवी कथामा प्रयुक्त सम्बद्धक र सम्बद्धकहरूको उपर्युक्ततामा केन्द्रित रहेको छ।

**भट्टराई (२०७६)** द्वारा 'कोको' कथा शीर्षकमा शोधकार्य गरिएको छ। उक्त शोध त्रि. वि. शिक्षाशास्त्र सङ्काय अन्तर्गत, नेपाली भाषा शिक्षा विभाग, जनता वहुमुखी क्याम्पस, इटहरी सुनसरीबाट नेपाली विषयमा स्नातकोत्तर उपाधिका लागि तयार पारिएको छ। यस शोध कार्य पाँच अध्यायमा संरचित शोधमा ८५ पृष्ठ संख्या रहेको छ। यस शोधको अध्याय एकमा शोधका उद्देश्यहरू, अध्ययनको औचित्य र महत्त्व, अध्ययनका परिसिमा र परिभाषिक शब्दहरूलाई राखिएको छ। यसरी कमशः माथि उल्लेखित सोही तरिकाले अरू अभ्यासहरू रहेका छन्। यस शोध कार्यको समस्याकथन अन्तर्गत

(क) कोको कथामा के कस्ता सम्बद्धकहरूको प्रयोग भएका छन् ?

(ख) प्रस्तुत कथामा के कस्ता सम्बद्धनहरू प्रयोग भएका छन् ?

(ग) प्रस्तुत कथामा प्रयुक्त सम्बद्धक र सम्बद्धनको उपयुक्तता के कस्तो छ ?

उक्त शोधको उद्देश्य अन्तर्गत 'काको' कथामा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण गर्नु तथा सम्बद्धक र सम्बद्धनका दृष्टिले उक्त शोधको उपयुक्तता केलाउनुमा केन्द्रित रहेको छ। संख्यात्मक, परिमाणात्मक प्रकृतिले यस शोधमा पुस्तकालयीय विधिबाट सामग्री सङ्कलन गरिएको छ। प्राथमिक स्रोतको रूपमा चन्द्रमणि अधिकारीको 'कोको' कथा र कथाहरूमा सङ्ग्रहित कथा रहेको छ। द्वितीय स्रोतका रूपमा विभिन्न सहयोगी पुस्तक,

सैद्धान्तिक लेख, साहित्यिक तथा समालोचनात्मक ग्रन्थहरू तथा शोधपत्रहरूलाई लिइएको छ । तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रियामा यस शोधमा अध्ययनको उद्देश्यअनुसार सम्बद्धक र सम्बद्धनका आधारमा तालिकीकरण गरी भाषावैज्ञानिक रूपमा आगमन विधिको प्रयोग गर्दै प्रस्तुत अध्ययनको निचोड निकालिएको छ । निष्कर्षमा कथामा प्रयुक्त सम्बद्धक र सम्बद्धनको उपर्युक्तता हेर्दा उत्कृष्ट, उपयुक्त र पठनयोग्य रहेको अध्ययनका आधारमा तथा सङ्कथन र यसका युक्तिहरू सम्बद्धक र सम्बद्धनका सापेक्षतामा अर्थपूर्ण र उपयुक्त रहेको देखिन्छ ।

यस शोध कार्य कोको कथामा प्रयुक्त सम्बद्धक र सम्बद्धनको प्रयोगका साथै यसको उपयुक्ततामा केन्द्रित रहेको छ भने मैले गर्ने शोध कार्य 'श्वेतभैरवी' कथामा प्रयुक्त सम्बद्धक र सम्बद्धकहरूको उपयुक्ततामा केन्द्रित रहेको छ ।

**भट्टराई (२०७५)** द्वारा 'माउजङ्ग बाबुसाहेबको कोट' कथा शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोध त्रि. वि. शिक्षाशास्त्र संकाय अन्तर्गत, नेपाली भाषा शिक्षा विभाग, जनता बहुमुखी क्याम्पस, इटहरी सुनसरीबाट नेपाली विषयमा स्नातकोत्तर उपाधिका लागि तयार पारिएको छ । उक्त शोध कार्य पाँच अध्यायमा र १५० पृष्ठ सङ्ख्यामा संरचित रहेको छ । यस शोधको अध्याय एकमा पृष्ठभूमि, समस्या कथन, अध्ययन औचित्य र महत्त्व, अध्ययनका उद्देश्यहरू अध्ययनको परिसीमा रहेको पाइन्छ । त्यसैगरी अन्य शोधको ढाँचा अनुसार नै यो शोधकार्य पनि रहेको छ । यस शोध कार्यको समस्याकथन अन्तर्गत :

(क) 'माउजङ्ग बाबुसाहेवको कोट' कथामा के कस्ता सम्बद्धकहरूको प्रयोग भएका छन् ?

(ख) 'माउजङ्ग बाबुसाहेवको कोट' कथामा के कस्ता सम्बद्धनहरूको प्रयोग भएका छन् ?

उक्त शोधको उद्देश्य कथामा रहेका सम्बद्धन र सम्बद्धकको विश्लेषण गर्नु रहेको छ ।

यस शोधकार्यमा पुस्तकालयीय विधिको सर्बोत्कृष्ट प्रयोग गरिएको छ । साथै सामग्री सङकलनको क्रममा प्राथमिक स्रोत माउजङ्ग बाबुसाहेबको कोटलाई मानिएको छ । त्यसैगरी द्वितीय स्रोत सङ्कलन विश्लेषण सम्बन्धी विविध पुस्तक, सैद्धान्तिक लेख, साहित्यक तथा समालोचनात्मक ग्रन्थहरू तथा उपलब्ध भएसम्म सम्बन्धित विषयमा तयार पारिएको शोधपत्र साथै आवश्यक्तानुसार विज्ञहरूको सल्लाहलाई मानिएको छ । प्रस्तुत शोधपत्रमा उक्त पाठमा २१ अनुच्छेद र २६६ वाक्य रहेको साथै भाषिक रूपमा अन्वितिपूर्ण सम्बद्धकहरू र सम्बद्धनहरूको प्रयोग सहि तरिकाले भएको निष्कर्ष निकालिएको छ ।

यस शोधकार्य 'माउजङ्ग बाबुसाहेब कोट' कथामा प्रयुक्त सम्बद्धक र सम्बद्धनको प्रयोगमा केन्द्रित रहेको छ । मैले गर्ने शोधकार्य 'श्वेतभैरवी' कथामा प्रयुक्त सम्बद्धक र सम्बद्धकहरूको उपयुक्ततामा केन्द्रित रहेको छ ।

**घिमिरे (२०७१)** द्वारा 'जय भोलि' निबन्ध शीर्षकमा शोधकार्य सम्पन्न गरिउको छ । उक्त शोध त्रि. वि. शिक्षाशास्त्र संकाय अन्तर्गत, नेपाली भाषा शिक्षा विभाग, जनता बहुमुखी क्याम्पस, इटहरी सुनसरीबाट नेपाली विषयमा स्नातकोत्तर उपाधिका लागि तयार पारिएको छ । उक्त शोधकार्य पाँच अध्याय र ८६ ओटा पृष्ठ सङ्ख्यामा रहेको छ । यस शोधकार्य पनि माथि उल्लेखित अन्य शोध कार्यकै ढाँचामा संरचित रहेको देखिन्छ ।

यस अध्ययनका समस्याका रूपमा सङकथन विश्लेषणको आधार के हो, प्रस्तुत निवन्ध के कस्ता सम्बद्धक र सम्बद्धनको प्रयोग गरिएको छ र यसमा प्रयुक्त सम्बद्धक र सम्बद्धनको उपयुक्तता के कस्तो छ जस्ता समस्याहरूलाई अघि सारिएको पाइन्छ । प्रस्तुत शोधको उद्देश्य सङ्कथन विश्लेषणको आधार पत्ता लगाउनु, जय भोलि निबन्धमा प्रयुक्त सम्बद्धक र सम्बद्धनको पहिचान तथा विश्लेषण गर्नु साथै प्रयुक्त सम्बद्धक र सम्बद्धनको उपयुक्तता पत्तालगाउनु रहेको छ । उक्त शोध पुस्तकालयीय स्रोत र विविन्न अनुसन्धाननात्मक शोधपत्र सामग्री सङकलन गरी यस अध्ययनमा सङकथन विश्लेषणको सैद्धान्तिक आधार तयार पारेर प्रस्तुत निबन्धमा प्रयुक्त सम्बद्धक र सम्बद्धनहरूको पहिचान र विश्लेषण गरिएको छ । यस अध्ययनमा निष्कर्षमा प्रस्तुत निबन्धमा सम्बद्धन प्रयोगको दृष्टिले हेर्ने हो भने यसले अर्थमा सङ्केतहरूको खोजी गरेको छ । प्रस्तुत निबन्धले सामान्य पाठकहरुको खोजी गरेको देखिन्छ । जसले एकै वसाइमा पाठको अध्ययन र अर्थ बुझ्न सकिन्छ । यसर्थ सम्बद्धकको प्रयोगको दृष्टिले यो पाठ उपयुक्त मानिएको छ ।

यस शोधकार्य 'जय भोलि' निबन्धमा सम्बद्धक र सम्बद्धनको प्रयोगमा साथै यसको उपयुक्तता केन्द्रित रहेको देखिन्छ भने मैले गर्ने शोधकार्य श्वेतभैरवी कथामा प्रयुक्त सम्बद्धक र सम्बद्धकहरूको उपयुक्ततामा केन्द्रित रहेको छ ।

**भण्डारी (२०७३)** द्वारा 'अछुत जातिलाई टीका लगाउँदा' निबन्ध शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोध त्रि. वि. शिक्षाशास्त्र संकाय अन्तर्गत, नेपाली भाषा शिक्षा विभाग, जनता बहुमुखी क्याम्पस, इटहरी सुनसरीबाट नेपाली विषयमा स्नातकोत्तर उपाधिका लागि तयार पारिएको छ । ७८ पृष्ठ संख्या र पाँच अध्यायमा संरचित उक्त शोधपत्रमा एकाइ

एकमा शोध परिचय (पृष्ठभूमि, समस्याकथन, अध्ययनको औचित्य, उद्देश्य, परिसीमा, पारिभाषिक शब्द) आदि रहेका छन् । यस शोधकार्यको समस्याकथन अन्तर्गत :

(क) अछुत जातिलाई टीका लगाउँदा निबन्धमा के कस्ता सम्बद्धक र सम्बद्धनहरूको प्रयोग भएका छन् ?

(ख) उक्त निबन्धमा प्रयुक्त सम्बद्धक र सम्बद्धनको उपयुक्तता पत्ता लगाउनु रहेको छ ।

उक्त शोधको उद्देश्यमा सङ्कथन विश्लेषणको सैद्धान्तिक आधार तयार पार्नु, निबन्धमा प्रस्तुत सम्बद्धक र सम्बद्धनको पहिचान र विश्लेषण गर्नु र सम्बद्धक र सम्बद्धनको दृष्टिले प्रस्तुत निबन्धको उपयुक्तता केलाउनु रहेको छ ।

यो शोधकार्यमा पुस्तकालयीय स्रोतमा केन्द्रित रहेको देखिन्छ । प्रस्तुत निबन्धमा सामान्य पाठकले पनि बुझ्न सक्ने सरल र भावका दृष्टिले गहन रहेको पाइन्छ । जसमा प्राथमिक स्रोतका रूपमा उक्त निबन्ध अछुत जातिलाई टीका लगाउँदा नै रहेको छ भने द्वितीय स्रोतका रूपमा विभिन्न सम्बन्धित पुस्तकहरू, अप्रकाशित शोधपत्र र सम्बन्धित लेखरचनाहरू रहेको पाइन्छ ।

यसको शोधकार्य 'अछुत जातिलाई टीका लगाउँदा' निबन्धको सङ्कथन विश्लेषण भित्र केन्द्रित रहेको छ भने मैले गर्ने शोधकार्य 'श्वेतभैरवी' कथामा प्रयुक्त सम्बद्धक र सम्बद्धकहरूको उपयुक्ततामा केन्द्रित रहेको छ ।

**पूर्वकार्यको उपयोगिता**

प्रस्तुत 'श्वेतभैरवी' शीर्षकमा सङ्कथन विश्लेषण गर्नका लागि प्रा. डा. टङ्कप्रसाद न्यौपाने, पारसमणि भण्डारी, दिपक न्यौपाने, तुलसीराम घिमिरेको सामान्य भाषाविज्ञान, डा. हेमाङ्ग राज अधिकारीको सामाजिक र प्रायोगिक भाषाविज्ञान, शान्तिप्रसाद ढकालको ढकालको प्रायोगिक भाषविज्ञानमा प्रमुख आयाम, एवम् एकराज घिमिरे (२०७१) द्वारा लिखित जय भोलि निबन्धको सङ्कथन विश्लेषण, विद्यादेवी भण्डारी (२०७३) द्वारा लिखित अछुत जातिलाई टीका लगाउँदा निबन्धको सङ्कथन विश्लेषण, पोषराज भट्टराई (२०७५) माउजङ्ग बाबुसाहेबको कोट, कथाको सङ्कथन विश्लेषण, दिपा खनाल (२०७२) द्वारा लिखित मधुमालतीको कथाको सङ्कथन विश्लेषण, अंशु भट्टराई (२०७६) कोको कथाको सङ्कथन विश्लेषण आदि शीर्षकमा गरिएको छ । पूर्वकार्यको अध्ययनले शोधपत्रमा सङ्कथन विश्लेषणको सैद्धान्तिक आधार तयार पारी सम्बद्धक र सम्बद्धनहरू पत्ता लगाई तिनको

उपयुक्तता केलाउन सहयोग पुगेको देखिन्छ । अन्य विभिन्न क्षेत्रमा भन्दा सङ्कथन विश्लेषणको क्षेत्रमा अध्ययन अनुसन्धान पर्याप्त मात्रामा भएको पाइदैन । तसर्थ विश्वेश्वरप्रसाद कोइरालाको श्वेतभैरवी कथामा सङ्कथन विश्लेषण गरी कतैबाट नभएको हुनाले यस अध्ययनको औचित्य उपयोगिता स्पष्ट हुन्छ ।

यस अनुसन्धान कार्यका लागि यसभन्दा अगाडिका अनुसन्धान कार्यहरूले अध्ययन गर्न पूर्व कार्यको रूपमा सहयोग प्रदान गरेको छ । प्रस्तसत शोधकार्यलाई निश्चित विन्दुमा पुऱ्याउन पूर्वकार्यको समीक्षालाई उपयोगमा ल्याइएको छ । पूर्वकार्यको समीक्षाबाट प्राप्त जानकारी अनुसार विभिन्न समस्यामा विभिन्न कृतिहरूको सङ्कथन विश्लेषण भएको पाइयो तापनि विश्वेश्वरप्रसाद कोइरालाको 'श्वेतभैरवी' कथाको सङ्कथन विश्लेषण हालसम्म नभएको कुरा पूर्वकार्यको समीक्षाबाट प्रष्ट भएको हुँदा उक्त कथाको सङ्कथन विश्लेषणको अध्ययन गर्नु उचित ठानी शोधकार्य गरिएको हो । माथिका पूर्वकार्यहरूले यस शोधको प्रारूप निमार्ण, सामग्री सङ्कलन, तालिकीकरण, व्याख्या  विश्लेषण आदिमा उपयोगी देखिन्छ ।

## सैद्धान्तिक अवधारणा

### सङ्कथन विश्लेषणका पद्धतिहरू

कुनै पनि पाठको विश्लेषणका क्रममा पाठको विश्लेषण कसरी र कहाँबाट कुन तरिकाले विश्लेषण गर्ने भनी निश्चित पद्धति वा तरिका अवलम्बन गर्नु पर्दछ । सङ्कथन विश्लेषणका क्रममा भाषिक र अर्थगत संरचनाको खोजी गर्नु पर्दछ । यसले भाषाको प्रयोग भाषिक एकाइबीचको सम्बन्ध र भाषिक सङ्कथनका विषयमा वर्णन गर्दै सफल सङ्कथन विश्लेषणका अवस्थाहरूको वर्णन गर्दछ । भण्डारी (२०७३ : २०) का अनुसार सङ्कथन विश्लेषणका अध्ययन पद्धतिहरू निम्नानुसार छन् ।

### ऊर्ध्वगमन पद्धति

सङ्कथन विश्लेषणका क्रममा वाक्य हुँदै पाठतर्फ जाने अध्ययन पद्धतिलाई ऊर्ध्वगमन पद्धति भनिन्छ । यस पद्धतिमा सर्वप्रथम भाषिक एकाईलाई पहिचान गरी विश्लेषण गरिन्छ । भाषाका एकाइको पहिचान गरी क्रमशः भाषाका ठुला एकाइरू अध्ययन गरिन्छ । यसमा पाठमा रहेका पद देखि लिएर वाक्य, अनुच्छेद, परिच्छेद हुँदै सिङ्गो भाषिक उच्चारणको विश्लेषण गरिन्छ ।

### अधोगमन पद्धति

सङ्कथन विश्लेषणका क्रममा सामान्य पक्षको विश्लेषण गर्दै विशिष्टतिर जाने पद्धति नै अधोगमन पद्धति हो । यस पद्धतिमा सर्वप्रथम ठूला भाषिक एकाइहरूको विश्लेषण गरिन्छ । त्यसछि क्रमशः साना भाषिक एकाइहरुको विश्लेषण गरिन्छ । यसमा पाठ, परिच्छेद, अनुच्छेद, वाक्य हुँदै अध्ययन गरिन्छ ।

### मिश्रित पद्धति

ऊर्ध्वगमन पद्धति र अधोगमन पद्धतिका कतिपय कमिकम्जोरीका कारण पाठको विश्लेषणका क्रममा समस्या आएपछि यस पद्धतिको विकास भएको मानिन्छ । यो ऊर्ध्वगमन र अधोगमन पद्धतिको मिश्रित रूप भएकोले यसलाई मिश्रित पद्धति भनिन्छ । यस पद्धतिमा एक एक तहमा भएका कमीकम्जोरीलाई अर्को तहमा पूरा गर्न सकिन्छ । यस पद्धतिमा तलबाट माथितिर र माथिबाट तलतिर विश्लेषण गरिन्छ ।

### सङकथनका युक्तिहरू

सङ्कथनलाई भाषागत एकाइमा व्यवस्थित र क्रमवद्ध तरिकाले सम्प्रेषणीय बनाउने तत्त्वहरूलाई नै सङ्कथनका युक्तिहरु भनिन्छ । पाठ निमार्णका लागि वाह्य भाषिक घटक सम्बद्धक हो । पाठ निमार्णका लागि आवश्यक पर्ने आन्तरिक भाषिक घटकलाई सम्बद्धन भनिन्छ । सङ्कथनका युक्तिहरूलाई यसप्रकार उल्लेख गर्न सकिन्छ ।

### सम्बद्धक

सम्बद्धक भनेको वाक्य वा त्यसभन्दा माथिका भाषिक एकाईहरूलाई अन्तरसम्बन्धित बनाउने वा एक आपसमा जोड्ने युक्तिहरू हुन । (पौडेलः २०७३ : २४) सम्बद्धकले वाक्यभित्र वा वाक्यका बीचमा शृङ्खला बनाउँदछ । पाठभित्र रहेका भाषिक एकाइलाई एकआपसमा जोड्ने सङ्गठित बनाउने, छोट्याउने, विस्तार गर्ने कारण कार्य वा कार्यकारण शृङ्खलामा उने काम मगर्दछ । शब्द, पदावली, उपवाक्य र वाक्य बिचमा सम्बन्धात्मक अन्विति ल्याउन वा श्रृङ्खला जोड्न यस्ता युक्तिहरू प्रयोग भएका हुन्छन् । यसलाई भाषिक जोर्नी वा जोडका रूपमा समेत लिन सकिन्छ । सम्बद्धकले वाक्यमा वाक्यीय संरचनालाई उपयुक्त भाषिक शृङ्खलामा राख्दै माथिल्ला एकाइहरू निमार्ण गर्न सहयोग पुर्‍याउँछ । सम्बद्धकहरू विभिन्न किसिमका हुन्छन्; केही प्रमुख सम्बद्धकहरूको निम्नानुसार चर्चा गर्न सकिन्छ :

**व्याकरणात्मक सम्बद्धक**

सङ्कथनको संरचनात्मक विषयसम्बद्ध संसक्तिलाई व्याकरणिक सम्बद्धक भनिन्छ । सङ्कथनमा वाक्यत्मक सीमाभित्र रहेर व्याकरणात्मक सम्बन्ध जनाउने सम्बद्धकहरू व्यकरणिक सम्बद्धक हुन । व्याकरणिक सम्बद्धकलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :-

**सार्वनामिक सम्बद्धक**

पाठको निमार्णमा प्रयुक्त सर्वनाम शब्द नै सार्वजनिक सम्बद्धक हुन । सम्बद्धकहरूमध्ये सवभन्दा महत्त्वपूर्ण भूमिका सार्वनामिक सम्बद्धकहरूले खेलेको हुन्छ । यस्ता सम्बद्धकहरूको उपयोगले वाक्यभित्रैका र वाक्य वाक्यबिचका कथन घटनालाई सिलसिलेवार सङ्गठित र सघन बनाउन महत्त्वपूर्ण सहयोग मिलेको हुन्छ । सार्वनामिक सम्बद्धक कहिले अग्र सन्दर्भक र कहिले पश्च सन्दर्भकका रूपमा पाठमा प्रयुक्त हुन्छ । पाठमा अगाडि प्रयोग भइसकेका भाषिक एकाइलाई सङ्केत गर्न सर्वनाम अग्रसन्दर्भक हुन भने पाठको पछाडि प्रयोग हुने भाषिक एकाइलाई सङ्केत गर्ने सर्वनाम पश्चसन्दर्भक हुन । सार्वनामिक सन्दर्भकहरू सर्वनामका विभिन्न प्रकारसंगै पुरूषवाचक, सम्बन्धकवाचक, प्रश्नवाचक, अनिश्चयवाचक, पारस्परिक जस्ता विभिन्न रूप पाइन्छन् ।

**स्थानिक सम्बद्धक**

पाठमा रहेको ठाउँ र समय श्रङ्खला देखाउने वा स्थान र कालसंग वैचारिक सिलसिला जोड्ने सन्दर्भपूर्ण शब्द वा पदावलीहरूलाई स्थानिक सम्बद्धक भनिन्छ । स्थान र परिवेश बुझाउने यहाँ, उता, तल, यता, माथि, अगाडि, पछाडि, भित्र, बाहिर, घरमा, क्याम्पसमा, देशमा, विदेशमा, पोहोर, परार, जतिन्जेल, खाउन्जेल आदि स्थानिक सम्बद्धक हुन् ।

**संयोजन**

वाक्य वा शब्दको अन्विति गाँस्न आउने रूप वा शब्दको भूमिकालाई संयोजक भनिन्छ । यसले भाषिक एकाइलाई परम्परामा जोड्ने काम गर्दछ । भाषिक संरचनामा आएका दुई वा सो भन्दा बढी शब्द, पद, पदावली, उपवाक्य तथा वाक्यलाई जोड्ने भाषिक संरचना संयोजक हुन् । यसको संयोजकका रूपमा र, तर, पनि, अनि, अथवा, वा, या, किन्तु, परन्तु, तथापि, तापनि आदि पर्दछन् ।

**प्रतिस्थापन**

सङ्कथनमा आएका पद पदावली एवं वाक्यलाई दोस्रो वाक्यमा पुनरावृति नगराई अको शब्द प्रयोग गरिएमा त्यसलाई प्रतिस्थापन भनिन्छ । प्रतिस्थापनले अभिव्यत्तिमा विविधता ल्याउँछ । अनावाश्यक पुनरावृतिलाई हटाउँछ । यसले लामा र जटिल पदावलीलाई सरल पदले प्रतिस्थापन गर्न सहयोग पुऱ्याउँछ ।

**लोप**

सम्बद्धकको अर्को प्रकार लोप हो । यसले अभिव्यत्तिलाई संक्षिप्त बनाउने गर्दछ । यसले अभिव्यक्तिलाई भन्दा नभई सघन र गठिलो बनाउँछ । पाठ भित्र नामिक पदको लोप, कियाको लोप, उपवाक्यको लोप, संयोजनको लोप आदि हुनसक्छ । यस्ता सूचनाहरू एक एक गरेर उल्लेख नभएका भए पनि सम्प्रेषणात्मक सन्दर्भका आधारमा भाव-भावना, प्रकाश्य-प्रकाशन, सूच्य-सूचन आदि प्रसङ्गहरूका सहयोगले बोधगम्य हुन्छ ।

**निपात**

निपातले भाषिक एकाइलाई अन्वितिपूर्ण बनाउद मद्धत गर्दछ । निपात वाक्यमा सिमित सङ्ख्यामा रहेका हुन्छन् । यिनको स्वतन्त्र अर्थ हुँदैन् । निपात भाषामा सीमित सङ्ख्यामा रहेका हुन्छन् । यस्ता निपातहरू नै, चाहिँ, मात्र, ल, है, लौ, खै, आदि हुन्छन् । यस्ता निपात वाक्यमा अग्र, मध्य वा अन्त्य जुनसुकै स्थानमा आउन सक्छन् ।

**कोशीय सम्बद्धक**

कोशीय शब्द भन्नाले खासगरी नाम, विशेषण र कियालाई चिनिन्छ । कोशीय शब्द शब्दार्थका दृष्टिले सबल हुन्छ । कोशीय शब्द मुक्तवर्गका शब्द अन्तर्गत पर्दछन् । सङ्कथनमा अन्तर्वाक्यीय सम्बन्ध कायम गर्न व्याकरणिक शसक्तिले मात्र नभई कोशीय सम्बद्धहरूले पनि भूमिका खेल्दछन् । कोशीय सम्बद्धकहरूलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :-

**पुनरावृत्ति**

सङ्कथनमा प्रयुक्त कुनै पनि कोशीय एकाइको आवृत्ति हुनुलाई पुनरावृत्ति भनिन्छ । सङ्कथनमा अघिल्लो वाच्यमा प्रयोग भएका भाषिक एकाइ पछिल्लो वाक्यमा पनि देखापरेमा त्यहाँ पुनरावृत्ति हुन्छ । पुनरावृत्ति सम्बन्धले सङ्कथन विश्लेषणमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ ।

### पर्यायवाची

सङ्कथनमा प्रयुत्त कोशीय एकाइका बिचको समानार्थी सम्बन्धलाई पर्यायवाची भनिन्छ । यसले भाषिक शब्दहरूका बिचको पर्याय सम्बन्धलाई दर्साउँछ । सङ्कथनमा यसले विचारको शृङखला निमार्णमा सहयोग पुऱ्याउँदछ । कुनै शब्दको उस्तै अर्थ दिने शब्द भएमा पूर्ण पर्याय र आंशिक किसिमको अर्थ बुझाउने शब्द आंशिक पर्याय हुन ।

### विपरीतार्थी

सङकथनमा प्रयुक्त कोशीय एकाइका बिचको अमिल्दो वा उल्टो सम्बन्धलाई विपरीतार्थी भनिन्छ । सङ्कथनमा यस्तो शब्दको प्रयोग कतिपय स्थानमा उपयुक्त तथा प्रभावकारी रहन्छ । विपरीतार्थी शब्द संरचना र अर्थका दृष्टिले भिन्न किसिमका हुन्छन् । यसले सङ्कथानिक सन्दर्भमा प्रस्तुत भनाइ वा अभिव्यक्तिको विपरीत अर्थ प्रवाहमा भूमिका खेल्दछ ।

### समावेशी - समावेश्य

कुनै भाषिक रूपको अर्थ अर्को भाषिक रूपमा समावेश गरिन्छ  भने त्यसलाई समावेशी - समावेश्य भनिन्छ । समावेशी शब्दले विभिन्न कोशीय एकाइको अर्थ समेट्ने भाषिक एकाइलाई र समावेशिताले समावेशी शब्दअन्तर्गत समेटिने विभिन्न कोशीय एकाइलाई जनाउँदछ । यसले पनि सङ्कथनमा जोडकको भूमिका निर्वाह गर्ने भएकाले यसलाई सम्बद्धक भनिन्छ ।

### सन्निधान

कुनै एउटा खास शब्दको अर्थ अर्को कुनै खास शब्दको साथमा मात्र आउन सक्छ तर त्यही शब्द अर्को कुनै शब्दसंग प्रयुक्त हुँदा नमिल्ने स्थितिलाई सन्निधान भनिन्छ । जस्तै : स्वास्नीमान्छे र पत्नी मान्छे । त्यसैले सन्निधानले दुई शब्दलाई जोड्ने हुनाले सङ्कथनमा सम्बद्धकको भूमिका निर्वाह गरेको पाइन्छ ।

### सम्बद्धन

सम्बद्धनलाई सङ्कथनको ज्यादै महत्त्वपूर्ण युक्तिका रूपमा लिइन्छ । यसले सङ्कथनका वाक्य तथा उच्चारणहरूको अर्थ सम्बद्धनलाई जनाएको छ । यसलाई अभिव्यक्तिको अर्थगत वा बैचारिक सिलसिला जोड्ने अन्त : सुत्रका रूपमा लिइन्छ । ( भण्डारी २०६८ : १७)

यस शोधपत्रमा सङ्कथनका दुई युक्ति मध्ये सम्बद्धकको मात्र विश्लेषण गरिएको छ ।

**सङ्कथनका तत्त्वहरू**

कुनै पनि सङ्कथनलाई पूर्ण अभिव्यक्तिको रूप दिन विभिन्न पक्षले भूमिका खेल्ने तिनै विविध पक्षहरू नै सङ्कथनका तत्त्वहरू हुन । सङ्कथनका तत्त्वहरूलाई निम्नानुसार प्रस्तुत गरिन्छ :-

**(क) प्रस्तोता :-** कथ्य सङ्कथनमा सुन्ने वक्ता र लेख्य सङ्कथनमा लेखकलाई प्रस्तोता भनिन्छ । सङ्कथनमा प्रस्तोताको महत्त्वपूर्ण भूमिका हुन्छ । प्रस्तोताले श्रोता वा पाठकका प्रतिकिया अनुसार आफ्नो अभिव्यक्तिलाई नयाँ रूपले प्रस्तुत गर्दछन् ।

**(ख) प्रापक/वोद्धा :-** कथ्य सङकथन सुन्ने स्रोता र लेखय सङ्कथन पढ्ने व्यक्तिलाई भावक वा पाठक भनिन्छ । वोद्धा भनेको श्रोता वा पाठक हो । कथ्य सङ्कथनमा प्रस्तोता र वोद्धा दोहोरो रूपमा रहन सक्दछन् । संवाद र प्रश्नोत्तरका सन्दर्भमा वक्ता र वोद्धा छिन छिनमा भूमिका परिवर्तन गरी प्रस्तुत हुन्छन् ।

**(ग) माध्यम :-** सङ्कथनको अभिव्यक्ति प्रस्तुत गर्ने तरिका माध्यम हो । सङ्कथन कथ्य र लेख्य माध्यमद्वारा प्रकट हुन सक्छ । विभिन्न संरचनाका माध्यम, चिट्ठीपत्र, रेडियो, सिनेमा आदिका माध्यमबाट सङ्कथनको सम्प्रेषण गर्न सकिन्छ ।

**(घ) सूचनाको रूप :-** प्रस्तोताले एउटै वा उस्तै लाग्ने खालका विषय वस्तुलाई विभिन्न शैली, ढङ्ग, प्रकिया अंगालेर प्रस्तुत गर्नु सूचनाको रूप हो । यस्ता विधामा विचारको सङ्गठन पनि भिन्न-भिन्नै रूपमा भएको हुन्छ । यिनले विषयवस्तुको सङ्गठनमा सरलता-जटिलता, सघनता-शिलशिलताको समेत स्थिति देख्न सकिन्छ ।

**(ङ) विषय :-** कुनै पनि पाठको केन्द्रित अभिव्यक्ति नै त्यसको विषय हो । विषय घटनाप्रधान, वस्तुप्रधान वा व्यक्तिप्रधान हुन सक्छ । विषयले शीर्षक, वस्तु, घटना तथा प्रस्तोता र वोद्धाको सहभागिता जस्ता कुराले सङ्कथनको स्वरूपलाई प्रशस्त मात्रामा प्रभावित पारेका हुन्छन् । जुन विषय सङ्कथनको महत्त्वपूर्ण तत्त्व हो ।

**(च) भाषिक सङ्केत :-** भाषिक संकेतलाई कोड पनि भन्निछ । त्यसैले सङ्कथनमा कस्तो प्रकारको कोड प्रयोग गरिएको छ, त्यसले पनि सङ्कथनको स्वरूप र सम्प्रेप्यतामा प्रभाव पारेको हुन्छ । मानक र अमानक कोड प्राविधिक कोड, परिभाषिक कोड आदि सङ्कथनमा प्रयुक्त भएका हुन्छन् ।

**(छ) परिवेश :-** परिवेश भनेको बाह्‌य वा आन्तरिक परिस्थिति वा वातावरण सम्बन्धी सन्दर्भ परिपेक्ष वा वस्तुस्थिति हो । कुनै गाउँ-सहरको परिवेश, प्राचिनकाल, मध्यकाल, आधुनिककाल आदि स्थान र समय जनाउने परिवेश हुन । त्यस्तै सामाजिक, सांस्कृतिक, राजनीतिक, आर्थिक आदि परिवेश पनि अभिव्यक्तिलाई प्रभाव पार्दछ ।

# अध्याय - तीन

## अध्ययन विधि/प्रक्रिया

### अध्ययनको संरचना

प्रस्तुत अध्ययनमा 'श्वेतभैरवी' कथाको सङ्कथन विश्लेषणमा आधारित भएर अध्ययन विधि अघि बढाइएको छ । यस अध्ययनमा सङ्कथन विश्लेषणका युक्तिहरू सम्बद्धक र सम्बद्धनलाई आधार बनाएर अध्ययन विश्लेषण गरिएको छ । यस अध्ययनलाई सम्पन्न गर्नका लागि पुस्तकालयीय स्रोतको प्रयोग गरि अध्ययन गरिएको छ । यस अध्ययन पुस्तकालयमा रहेका विभिन्न सङ्कथन विश्लेषणसंग सम्बन्धित साहित्यिक पुस्तक, लेख एवम् सम्बन्धित शीर्षकमा मिल्ने शोधपत्रहरूको अध्ययन गरी निष्कर्ष निकालिएको छ ।

### तथ्याङ्क सङ्कलनका स्रोतहरू

यस शोधकार्यलाई व्यवस्थित र वैज्ञानिक ढङ्गबाट अगाडि बढाई विशिष्ट उद्देश्य प्राप्त गर्नका लागि अध्ययन गर्दै प्राथमिक र द्वितीयक स्रोतलाई आधार मानिएको छ ।

### (क) प्राथमिक स्रोत

यस शोधकार्यमा प्राथमिक स्रोतका रूपमा कथाकार विश्वेश्वरप्रसाद कोइरालाद्वारा लिखित 'श्वेतभैरवी' कथालाई लिइएको छ ।

### (ख) द्वितीयक स्रोत

प्रस्तुत शोधकार्यमा द्वितीयक स्रोतका रूपमा सङ्कथनका पुस्तक, पुस्तकालयमा रहेका विविध पाठ्यपुस्तक, विभिन्न विषयमा लेखिएका शोधपत्रहरू, अप्रकाशित विविध पुस्तकहरू, आवश्यकता अनुसार विज्ञको सुझावलाई द्वितीयक स्रोतमा लिइएको छ ।

### तथ्याङ्क सङ्कलन प्रक्रिया

प्रस्तुत 'श्वेतभैरवी' कथाको सङ्कथन विश्लेषण गर्नेक्रममा पुस्तकालयमा भएका विभिन्न प्राकाशित तथा अप्राकाशित पुस्तकहरू र विद्धानद्वारा लेखिएका पुस्तकको आधार बनाइ पूर्णतः पुस्तकालयीय स्रोतको प्रयोग गरिएको छ ।

### तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रिया

प्रस्तुत शोधका लागि सङ्कलित सामग्रीहरूको अध्ययन गरी त्यसबाट नयाँ तत्त्वहरूप्राप्त गर्न विश्लेषण तथा व्याख्या गरिन्छ । तथ्याङ्कहरूको विश्लेषणबाट नै शोधको

निष्कर्षसम्म पुग्न सकिन्छ । प्रस्तुत शोध व्याख्यात्मक र विश्लेषणात्मक पद्धति अंगाली व्याख्या र विश्लेषण गरिएको छ ।

यस शोधकार्यमा सङ्कथनको एउटा युक्ति सम्बद्धकको मात्र अध्ययन प्रस्तुत शोधको उद्देश्य बनाई व्याख्या र विश्लेषण गरिएको छ ।

# अध्ययन - चार

## व्याख्या र विश्लेषण

### कथावस्तु

'श्वेतभैरवी' कथा विश्वेश्वरप्रसाद कोइरालाको आत्मस.स्मरणात्मक शैलीमा संरचित मनोवैज्ञानिक यर्थाथवादी कथा हो । यस कथाले सामाजिक, सांस्कृतिक, यथार्थतालाई उद्घाटन गरेको पाइन्छ । कोइरालाको तेस्रो मोडको कथालेखमा लेखिएको फ्रायडीय यौनसिद्धान्तको सृजनात्मक उत्थान गरिएको उत्कृष्ट कथा 'श्वेतभैरवी' लाई मानिन्छ । 'श्वेतभैरवी' कथा नवयौवन फगुनीमा उत्पन्न भएका यौनका ज्वारभाटालाई प्रस्तुत गर्दै मानव मनमा उत्पन्न हुने यौन अपरिहार्यलाई सशक्त रूपमा चित्रण गरिएको कथा हो । यसमा यौनप्रसङ्गको विकराल सिर्जनाका पछाडि समाजमा भएका आर्थिक, सामाजिक, सांस्कृतिक पक्षलाई मुख्य विषयका रूपमा कोइरालाले उत्थान गरेको पाइन्छ ।

कथा वस्तुको सुरुवातमा पात्रले गरेको स्थानीय परिवेशबाट गरिएको छ । यस कथामा ३५ वर्ष अगाडिको केवल एक दिनको घटनालाई वर्णन गरिएको छ । घटनाको सीमिततामा गम्भीर विषयको उद्घाटनले कथावस्तुलाई महत्त्व बढाएको छ । यस कथामा फगुनीलाई मातृविहिन आँपको बोटसंग, गम्भीर प्रकृति फागुनीको नीरस तुलना आदिलाई पृष्ठभूमि बनाएर सानो घटनालाई प्रस्तुत गरी कथावस्तु प्रस्तुत गरिएको छ । यो अध्ययन यसै कथामा प्रयोग भएका सम्बद्धकका आधारमा सङ्कथन विश्लेषण गर्नमा केन्द्रित रहेको छ ।

### 'श्वेतभैरवी' कथामा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण

निर्धारित कथाका वाक्यका बिचमा रहेको सम्बद्धकहरूको विश्लेषणको लागि प्रत्येक अनुच्छेदलाई छुट्टाछुट्टै रूपमा प्रस्तुत गरी तिनमा रहेका वाक्यहरूका बिचमा बाह्रय सम्बन्ध दर्साउन आउने सम्बद्धकको खोजी गरी तालिकामा प्रस्तुत गरिएको छ । कथामा रहेका प्रत्येक अनुच्छेदका वाक्यभित्र विद्यमान संरचनामा प्रयुक्त सम्बद्धकलाई समेत यस अध्ययनमा प्रस्तुत गरिएको छ ।

### निर्धारित कथाको पहिलो अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण

निर्धारित कथाको पहिलो अनुच्छेदमा एउटा मात्र वाक्यको प्रयोग भएको छ । त्यसमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण यसरी गरिएको छ ।

१. **धेरै दिनपहिले**को कुरा हो ; **प्राय : पैंतीस वर्षअघि**को **म दश-एघार वर्ष**को हँदो हुँ ।

**तालिका सङ्ख्या -: १**

**निर्धारित कथाको पहिलो अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण**

| वा.स. | सम्बद्धक | प्रयुक्त शब्द |
|---|---|---|
| १ | कालिक | धेरै दिनपहिले |
| | कालिक | पैंतीस वर्षअघि |
| | कालिक | दश-एघार वष |
| | विशेषण | प्राय |
| | सार्वनामिक | म |

माथिको पछिलो अनुच्छेदमा पाँच ओटा सम्बद्धकहरूको प्रयोग भएको छ । जस अन्तर्गत तीन कालिक, एक विशेषण र एक सार्वनामिक सम्बद्धक रहेका छन् ।

**निर्धारित कथाको दोस्रो अनुच्छेदमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण**

कथाको दोस्रो अनुच्छेदमा वाक्य सङ्ख्या २-१० सम्म जम्मा ९ ओटा वाक्य संख्या रहेका छन् । ती वाक्यहरूमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण तल गरिएको छ ।

२. **वर्षा ऋतु** सिद्धिएर **शरदको प्रथम चरण पृथ्वीमा** परेको थियो ।

३. **कोसी** आफ्नो रौद्र नर्तनले विध्वंसकारी प्लावनतामा जति क्षेत्र **र** आख्य, ग्राम, गृह, मनुष्य **र** पशुहरूलाई त्यस वर्षका लागि ग्रस्त थियो, ग्रसेर **पुन :** आफ्नो सीमित परिधिमा प्रवेश गर्न लागेको थियो ; **तर** अझै त्यस नदीको उत्पातका चिह्न ठाँउ-ठाँउमा जमेको **जलराशि, दह, पैनी, हिलो** र **दलदल, चारेतिर** देखा पर्थे, मानौं ताण्डव **त** थामियो तर त्यसको थर्कन अझै **वायुमण्डलमा** कापिरहेको थियो ।

४. पृथ्वी प्रसव वेदनाबाट ब्यँझिएकी जस्ती थिई, त्यस्तै चिसी **र** कातर ।

५. नदीको किनारामा काँसको टल्किने मुकुट हावामा हल्लिरहेको थियो ।

६. फाटफुट रङ्गीविरङ्गी पुतली हावामा रङ्गले उत्पादसँग पोतेको हलका ढुङ्गाजस्तो **यताउति** वगिरहेका थिए ।

७. वायुमा चिसोपन प्रवेश गरिरहेको अनुभव शरीरलाई हुन्थ्यो ।

८. वायु मधुरो वेगले बग्थ्यो, जसले त्यसै मनुष्यलाई फूर्ति आउँथ्यो ।

९. धानका **खेत कहीँ** पहँलिन पनि थालेका थिए ।

**तालिका सङ्ख्या - २**

**निर्धारित कथाको दोस्रो अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण**

| वा.स. | सम्बद्धक | प्रयुक्त शब्द |
|---|---|---|
| २ | कालिक | वर्षा ऋतु |
| | कालिक | शरदको प्रथम चरण |
| | स्थानिक | पृथ्वीमा |
| ३ र ४ | स्थानिक | कोशी |
| | संयोजन | र |
| | पुनरावृत्ति | र |
| | क्रियायोगी | पुन |
| | संयोजन | तर |
| | स्थानिक | दह |
| | स्थानिक | पैनी |
| | स्थानिक | हिलो |
| | स्थानिक | दलदल |
| | स्थानिक | चारैतिर |
| | संयोजन | जसले |
| | निपात | त |

| | | |
|---|---|---|
| | संयोजन | तर |
| | स्थानिक | वायुमण्डल |
| ४ र ५ | संयोजन | र |
| ५ र ६ | - | - |
| ६ र ७ | स्थानिक | एताउति |
| ७ र ८ | - | - |
| ८ र ९ | - | - |
| ९ र १० | स्थानिक | खेत |
| | स्थानिक | कहीँ |
| | संयोजन | पनि |
| १० र ११ | - | - |

माथिको दोस्रो अनुच्छेदमा वा. स २ देखि १० सम्म ९ ओटा वाक्य रहेका छन् । जसमा २२ ओटा सम्बद्धकको प्रयोग भएको छ । जस अन्तर्गत दुई कालिक, १२ स्थानिक, १ पुनरावृत्ति, ५ संयोजन, १ कियायोगी र १ निपात, सम्बद्धकको प्रयोग भएको छ ।

**निर्धारित कथाको तेस्रो अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण**

कथाको तेस्रो अनुच्छेदमा वाक्य सङ्ख्या ११-२७ सम्म जम्मा १७ ओटा वाक्य सङ्ख्या रहेका छन् । ती वाक्यहरूका प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण यसरी गरिएको छ,

११. हाम्रो **घरबारीको दक्षिण-पूर्वको कुनामा** लेलहाको **सानो घर** थियो ।

१२. त्यसलाई **घर** के भन्ने, **सानो छाप्रो** थियो ।

१३. लेलहा केओटा जातिको सानो किसान आफ्नी एउटी छोरीका साथ **त्यहाँ** बस्थ्यो ।

१४. हाम्रो गाउँको **पुर्वपट्टि**को **कोशी**को एउटा धारबाट फाटेर आएको एउटा सानो भंगालो ठीक लेलहाको **घरनिरबाट** अलिक **पूर्वपट्टि** बाङ्गिन्थ्यो **र** केही तल **दक्षिणपट्टि** एउटा पैनीमा मिसिएर **पुनः कोशिको** मूलधारमा प्वेश गर्थ्यो ।

१५. **यो** भँगालो **अहिले** यस्तो शान्त **र** ग्रामीणहरूका लागि उसले आफूलाई **कति** उपयोगी साबित गरेको देखिन्थ्यो ।

१६. लुगा धुनु, नुहाउनु, भााडा मोल्नुलगाएत सानाठूला पानीका काम हाम्रा गाउँलेह-ले यसैबाट चलाउँछन् ।

१७. **तर** वर्षयाममा यसको **रौद्रता** देख्नलायकको हुन्छ ।

१८. **यो** दअहिलेको शान्त **ग्रामीण** बधुझैँ कायृरत अचपल नदीरेखा **वर्षामा** उन्मातभैरवी भएर उठ्थी ।

१९. त्यस **समयमा** सबैभन्दा ठूलो खतरा लेलहाको घरलाई हुन्थ्यो ।

२०. **किनभने** त्यसको घर ठीक भंगालोको **पश्चिमी किनारामा** थियो ।

२१. **कोशीमा** बाढी आउने बित्तिकै **त्यहाँ**को पानी धमिलिएर अशान्त हुन थालथ्यो ।

२२. लेलहाको घरलाई छुँलाछुँला जस्तै गरेर हा..... हा..... गर्दै **दक्षिणपट्टि** संवेग वग्न थाल्थ्यो ।

२३. लेलहाको घरैनिर **त्यो धार** बाङ्गिएको हुनाले नदीको तीव्र प्रवाह **त्यहाँ**निर बक्खड्गको **धार**जस्तो तेजिलो देखिन्थ्यो ।

२४. **त्यहाँ** केही कुरा पुग्यो कि खण्डखण्ड भएर काटिएला जस्तो लाग्थ्यो ।

२५. **त्यो धार**को नजिकै वर्षाको **तीन महिनाजति** लेलहा **र** उसकी छोरी फशुनी खेलेर बस्थे ।

२६. **आज त्यो धार** शान्त छ ।

२७. लज्जाशील ग्रामबालिकाजस्ती सोभ्mी, स्निग्ध, स्वच्छ, मनोहर ।

**तालिका सङ्ख्या - ३**

**निर्धारित कथाको तेस्रो अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण**

| वा.स. | सम्बद्धक | प्रयुक्त शब्द |
|---|---|---|
| ११ र १२ | स्थानिक | घरबारी |
| | स्थानिक | दक्षिण पूर्वको |
| | स्थानिक | कुनामा |
| | स्थानिक | सानो |
| | स्थानिक | घर |

| | | |
|---|---|---|
| १२ र १३ | पुनरावृत्ति | घर |
| | पुनरावृत्ति | सानो |
| | स्थानिक | छाप्रो |
| १३ र १४ | स्थानिक | पूर्वपट्टि |
| | स्थानिक | कोशीको |
| | स्थानिक | घरनिर |
| | पुनरावृत्ति | पूर्वपट्टि |
| | संयोजन | र |
| | स्थानिक | दक्षिणपट्टि |
| | क्रियायोगी | पुनः |
| | पुनरावृत्ति | कोशीको |
| १५ र १६ | सार्वनामिक | यो |
| | कालिक | अहिले |
| | पुनरावृत्ति | र |
| | प्रश्नवाचक | कति |
| १६ र १७ | - | - |
| १७ र १८ | संयोजन | तर |
| | कालिक | वर्षायाम |
| | नाम | रौद्रता |

| | | |
|---|---|---|
| १८ र १९ | पुनरावृत्ति | यो |
| | कालिक | अहिलेकी |
| | स्थानिक | ग्रामीण |
| | कालिक | वर्षामा |
| १९ र २० | कालिक | समयमा |
| २० र २१ | संयोजन | किनभने |
| | स्थानिक | पश्चिमी |
| | स्थानिक | किनारमा |
| २१ र २२ | पुनरावृत्ति | कोशीमा |
| | पुनरावृत्ति | त्यहाँ |
| २२ र २३ | पुनरावृत्ति | दक्षिणपट्टि |
| २३ र २४ | सार्वनामिक | त्यो |
| | स्थानिक | धार |
| | पुनरावृत्ति | त्यहाँ |
| | पुनरावृत्ति | धर |
| २४ र २५ | पुनरावृत्ति | त्यहाँ |
| २५ र २६ | पुनरावृत्ति | त्यो |
| | पुनरावृत्ति | धार |
| | कालिक | तीन महिनाजति |

| | | |
|---|---|---|
| | पुनरावृत्ति | र |
| २६ र २७ | कालिक | आज |
| | पुनरावृत्ति | त्यो |
| | पुनरावृत्ति | धार |
| २७ र २८ | - | - |

माथिको तेस्रो अनुच्छेदमा वाक्य सङ्ख्या ११ देखि २७ जम्मा १७ ओटा वाक्य रहेका छन् । जसमा ४७ ओटा सम्बद्धकको प्रयोग भएका छन् । जसअन्तर्गत ७ ओटा कालिक, १५ स्थानिक, १७ पुनरावृत्ति, ३ संयोजन, २ सार्वनामिक, १ क्रियायोगी, १ नाम र १ प्रश्नवाचक सम्बद्धकको प्रयोग भएका छन् ।

**निर्धारित कथाको चौथो अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण**

कथाको चौथो अनुच्छेदमा वाक्य संख्या २८-३५ सम्म जम्मा ८ ओटा वाक्य सङ्ख्या रहेका छन् । ती वाक्यहरूका बिचमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

२८. लेलहामी छोरी फगुनी **सोह्र वर्ष**की हुँदी हो ।

२९. **तर यत्तिका दिन**पछि स्मृतिको कुरा लेख्न बस्दा सवभन्दा अनावाश्यक वस्तु फगुनीको उमेरको चर्चा लाग्छ ।

३०. सायद, **सोह्र वर्ष** मेरो कल्पनाको उमेर होस् जसलाई **मैले** आज **पैतीस वर्षपछि** फगुनीलाई दिएको छु ।

३१. **तर यो** कुरा त निश्चित थियो कि फगुनी अब नितान्त बालिका थिइन ।

३२. **पैंतीस वर्ष पहिलेको** स्मृतिको स्वर्णग्रामको निर्दोष वातावरणमा पनि निर्बाध ग्रामबालिकामा उमेर चढ्छ **र** यसको परिणाबाट **त्यो** बाँच्न पनि सक्तिन ।

३३. फगुनी बालिका थिइन, न **त त्यो** परिपक्व युवती ।

३४. आजकाल **र त्यो** पनि **सहरी** वातावरणमा जुन उमेरमा युवतीहरूले परिपक्वता प्राप्त गर्दछन्, त्यस समयमा हाम्रो **गाँउका** रमणीहरूलाई **त्यहाँ** पुग्न अझै **पाँच-छ वर्ष** लाग्थ्यो ।

३५. यस हिसाबले मैले फगुनीलाई **सोह्र वर्ष**को उमेर दिएको ।

**तालिका सङ्ख्या - ४**

**निर्धारित कथाको चौथो अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण**

| वा.स. | सम्बद्धक | प्रयुक्त शब्द |
|---|---|---|
| २८ र २९ | कालिक | सोह्र वर्ष |
| २९ र ३० | संयोजन | तर |
| | कालिक | यत्तिका दिन |
| ३० र ३१ | कालिक | सोह्र वर्ष |
| | सार्वनामिक | मैलो |
| | कालिक | पैतीस वर्ष पछि |
| ३१ र ३२ | संयोजन | तर |
| | सार्वनामिक | यो |
| | निपात | त |
| ३२ र ३३ | कालिक | पैतीस वर्ष पहिले |
| ३३ र ३४ | संयोजन | र |
| | सार्वनामिक | त्यो |
| ३४ र ३५ | संयोजन | र |
| | सार्वनामिक | त्यो |
| | स्थानिक | सहरी |
| | स्थानिक | गाउँका |

| | | |
|---|---|---|
| | कालिक | त्यहाँ |
| | कालिक | पाँच छ वर्ष |
| ३५ र ३६ | कालिक | सोह्र वर्ष |

माथिको चौथो अनुच्छेदमा वा. स. २८-३५ सम्म जम्मा ८ ओटा वाक्य रहेका छन् । जसमा २१ ओटा सम्बद्धकको प्रयोग भएको छ । जस अन्तर्गत ८ कालिक, २ स्थानिक, ४ संयोजन, ५ सार्वनामिक र २ निपात सम्बद्धकको प्रयोग भएका छन् ।

**निर्धारित कथाको पाँचौ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण**

कथाको पाँचौ अनुच्छेदमा वा. स. ३६ -५६ सम्म जम्मा २१ वटा वाक्यहरू रहेका छन् । ती वाक्यहरूका बिचमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ ।

३६. फगुनी एउट विशेषता थियो ।

३७. **त्यो** असाधारण ढङ्गबाट गोरी थिई ।

३८. **गाउँका** काला, ताम्र र हामीजस्तो गहुँगोरो वर्णभएका मानिसहरूमध्ये फगुनीको गोरोपन असाधारण जस्तो थियो ।

३९. त्यसका आँखा खेरा थिए, **साना -साना र** कपालले स्वर्णिम आभा लिउको थियो ।

४०.श्रङ्गारप्साधनद्वारा आफूलाई सजाउन सक्ने भएकी भए वर्ण, केश, **र** आँखाले **त्यो दक्षिण युरोपकी** नारी जस्ती लाग्ने थिई ।

४१. **तर** श्रङ्गारको साधन उसलाई कहाँ उपलब्ध थियो **र** ? **उसको** केश अत्यन्त रूखो, जोगीको जटाजस्तो पहेँलो भएको थियो ।

४२. गोराइमा पनि आकर्षणहीन सेतोपन थियो ।

४३. **गाउँका** अरु आइमाईभन्दा सेख अग्ली, गोलमोल अवयव-फगुनीमा **ग्रामीण** आकर्षण थिएन ।

४४. **त्यसको** स्वभावमा पनि अनौठोपन थियो **जो** गाउँका युवतहिरूमा पाँइदेनथ्यो ।

४५. **त्यो** अनैठो ढङ्गले चञ्चल थिई ।

४६. त्यस उमेरमा जब कि **उसका** दौँतरीहरु घाँसकाट्न जाँदा, पानि भर्न जाँदा, खेतमा काम गर्न जाँदा, **साना-साना** निहुँमा खिल्ल हाँसछन्, **त्यो भने** गम्भीर रहन्थ्यो ।

४७. **उसका** साथीसंगी पनि थिएनन् ।

४८. मातृविहीन फगुनी बाबुको स्याहारमा हुर्केकी थिई, उसका भाइबैनी कोही थिएनन् जसले **उसको** बाल्यावस्थाको **एकान्तता**लाई खलबल्याउन सक्थे ।

४९. एक **त** बाबु र छोरीको **एकान्त** सम्बन्ध नै अस्वाभाविक त्यसमा लेलहाजस्तो बाबु **जो** स्वयं पनि एकलकाँटे थियो ।

५०. फगुनी **नदीको किनारमा** हुर्की एक्ली ।

५१. लेलहाको **छाप्रोअगाडि** एउटा आँपको हाकिन नसकेको रुख थियो, गाँठेगाठाँ परेको ।

५२. **यदाकदा त्यसमा** मञ्जरी लाग्थ्ये, **स-साना** आँपका टिकोरा पनि फल्थे **तर** फल **कहिल्यै** पनि बढन पाउँदैनथे ।

५३. टिकोरा अवस्थामा नै सुकेर झर्थे ।

५४. फगुनीले **त्यहीमुनि** आफ्नो बाल्यवस्था बिताएकी थिई ।

५५. **दिनभरि** बाबु **खेतमा** काम गर्न गएको बेलामा एक्लै **घर** कुर्दै त्यही **रुखको** मुनि माटोमा खेल्दी हो **र** बीचबीचमा **नदी**मा गएर नुहाउादी पनि हो ।

५६. त्यसको स्वभाव-रचनामा **कोसी नदीको त्यो अंगालो त्यो** आापको रुख **र** पिता लेलहाको प्रभाव पऱ्यो होला ।

**तालिका सङ्ख्या - ं ५**

**निर्धारित कथाको पाँचौ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण**

| वा.स. | सम्बद्धक | प्रयुक्त शब्द |
|---|---|---|
| ३६ र ३७ | - | - |
| ३७ र ३८ | सार्वनामिक | त्यो |
| ३८ र ३९ | स्थानिक | गाउँका |
| | संयोजन | र |
| ३९ र ४० | दित्त्व (पूर्ण) | साना-साना |
| | संयोजन | र |
| ४० र ४१ | संयोजन | र |

| | | |
|---|---|---|
| | सार्वनामिक | त्यो |
| | स्थानिक | दक्षिण युरोपकी |
| ४१ र ४२ | संयोजन | तर |
| | निपात | र ? |
| | सार्वनामिक | उसको |
| ४२ र ४३ | - | - |
| ४३ र ४४ | पुनरावृत्ति | गाउँका |
| | स्थानिक | ग्रामीण |
| ४४ र ४५ | सार्वनामिक | त्यसको |
| | संयोजन | जो |
| ४५ र ४६ | सार्वनामिक | त्यो |
| ४६ र ४७ | सार्वनामिक | उसका |
| | पुनरावृत्ति | साना - साना |
| | सार्वनामिक | त्यो |
| | संयोजक | भने |
| ४७ र ४८ | सार्वनामिक | उसका |
| ४८ र ४९ | सार्वनामिक | उसको |
| | स्थानिक | एकान्तता |
| ४९ र ५० | निपात | त |

| | | |
|---|---|---|
| | संयोजन | र |
| | स्थानिक | एकान्त |
| | संयोजन | जो |
| ५० र ५१ | स्थानिक | नदीको किनार |
| ५१ र ५२ | स्थानिक | छाप्रो |
| ५२ र ५३ | कालिक | यदाकदा |
| | सार्वनामिक | त्यसमा |
| | पुनरावृत्ति | साना-साना |
| | संयोजन | तर |
| | कालिक | कहिल्यै पनि |
| ५३ र ५४ | - | - |
| ५४ र ५५ | स्थानिक | त्यहीँमुनि |
| | कालिक | वाल्यवस्था |
| ५५ र ५६ | कालिक | दिनभरि |
| | स्थानिक | खेतमा |
| | स्थानिक | घर |
| | स्थानिक | रुखमा |
| | संयोजन | र |
| | स्थानिक | नदीमा |

| | | |
|---|---|---|
| ५६ र ५७ | स्थानिक | कोशी नदीमा |
| | सार्वनामिक | त्यो |
| | स्थानिक | भंगालो |
| | सार्वनामिक | त्यो |
| | संयोजन | र |

माथिको पाँचौ अनुच्छेदमा वा. स. ३६-५६ सम्म जम्मा २१ वटा वाक्य रहेछन् । जसमा ४७ ओटा सम्बद्धकको प्रयोग भएका छन् । जस अन्तर्गत १४ स्थानिक, ४ कालिक, १२ सार्वनामिक, १ दित्व, ११ संयोजन, २ निपात र ३ पुनरावृत्ति सम्बद्धकहरूको प्रयोग भएको पाइन्छ ।

**निर्धारित कथाको छैटौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण**

कथाको छैटौ अनुच्छेदमा वा. स. ५७-६० सम्म जम्मा ४ वाक्य सङ्ख्या रहेका छन् । ती वाक्यहरूका बीचमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छः-

५७. **म** केवल **एक दिन**को एउटा घटनाको वर्णन गर्न वसेको छु ।

५८. एउटा सम्पूर्ण दिन पनि होइन - केवल **अपराहन्नको** एउटा शान्त घडीमा निरभ्र **आकाशमा** हठात् कड्केको विजुलीझैँ एउटा आरपरेको आकस्मिक घटना ।

५९. घटनाको वर्णनमा **पुर्वकालीन** एस्चेलसका **ग्रीक** घटनाहरूका दुई सङ्ख्यक पात्रहरूजस्ता फगुनीको **नाट्यमञ्चमा** प्रवेश जरूरी छ ; अर्को पात्र **त** स्वयं **म नै** हुँ ।

६०. घटना पनि सानो छ **र,** छोटकरीमा **नै** सुनाउनु पनि छ **मलाई** ।

## तालिका सङ्ख्या - ६

## निर्धारित कथाको छैटौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण

| वा.स. | सम्बद्धक | प्रयुक्त शब्द |
|---|---|---|
| ५७ र ५८ | सार्वनामिक | म |
| | कालिक | एक दिन |
| ५८ र ५९ | कालिक | अपराहन्न |
| | स्थानिक | आकाशमा |
| ५९ र ६० | कालिक | पूर्णकालिन |
| | स्थानिक | ग्रीक |
| | स्थानिक | नाट्यमञ्च |
| | निपात | त |
| | सार्वनामिक | म |
| | निपात | नै |
| ६० र ६१ | संयोजन | र |
| | निपात | नै |
| | सार्वनामिक | मलाई |

माथिको छैटौँ अनुच्छेदमा वा. स. ५७-६० सम्म जम्मा ४ ओटा वाक्य रहेका छन् । जसमा १३ ओटा सम्बद्धकहरूको प्रयोग भएका छन् । जस अन्तर्गत ३ कालिक, ३ स्थानिक, ३ सावृनामिक, ३ निपात र १ संयोजन सम्बद्धकको प्रयोग भएको छ ।

## निर्धारित कथाको सातौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण

कथाको सातौँ अनुच्छेदमा वा. स. ६१ -६३ सम्म जम्मा ३ ओटा वाक्य सङ्ख्या रहेका छन् । ती वाक्य वाक्यहरूकाबिचमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :-

६१. फगुनी हाम्रो **घरमा** काम गर्थी ।

६२. एउटा ठूलो परिवार भएकोले हाम्रो घरका **साना-तिना** काम गर्दागर्दै पनि फगुनीलाई **दिनभरि** लाग्दथ्यो ।

६३. **कोठाहरूमा** कुचो लाउनु, लिप्नु, पानी भर्नु **र** यस प्रकारका **साना-साना** गृहस्थीमा परी-परी आउने काम गर्नु ।

**तालिका सङ्ख्या - ७**

**निर्धारित कथाको सातौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण**

| वा.स. | सम्बद्धक | प्रयुक्त शब्द |
|---|---|---|
| ६१ र ६२ | स्थानिक | घरमा |
| ६२ र ६३ | दित्व (आपरिवर्तित) | साना-तिना |
| | कालिक | दिनभरि |
| ६३ र ६४ | स्थानिक | कोठाहरूमा |
| | संयोजन | र |
| | दित्व (पूर्ण) | साना-साना |

माथिको सातौँ अनुच्छेदमा वा.स ६१-६३ सम्म जम्मा ३ ओटा वाक्य रहेका छन् । जसमा ६ ओटा सम्बद्धकको प्रयोग भएका छन् । जस अन्तर्गत २ स्थानिक, २ दित्व, १ कालिक र १ संयोजन सम्बद्धकको प्रयोग भएको छ ।

**निर्धारित कथाको आठौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण**

कथाको आठौँ अनुच्छेदमा वा.स. ६४-७० सम्म जम्मा ७ ओटा वाक्यहरू रहेका छन् । ती वाक्यहरूकाबिचमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

६४. जस्तोसुकै **ठूलो घर** भए पनि-केटाकेटीहरूको कोलाहल, आमा, सानीमा, फुपुहरूको कहिल्यै पनि नसिद्धने कुराकानी, **बैठकमा** बसेर तास खेल्ने **या** पासा खेल्ने वयस्कहरूको हाँसो **र** विनोद, जाँगरिलाहरूको अह्रयाइपराइ, नोकरचाकरहरूको बाझबाझ अपराहनमा त्यस्तो एउटा सानो घडी आउँछ **जब** अचानक परिवारका परिवारका परिचित शब्द **र** ध्वनिहरू शान्त हुन्छन् ।

६५. परिवार मात्रै किन ? सम्पूर्ण गाउँमा हठात् उउटा शब्दहीनताको बाक्लो पर्दा पर्छ ।

६६. चराचर मौन भएर थामिन्छ ।

६७. पन्छीहरू पनि आफ्ना-आफ्ना **गुँडमा** निशब्द भएर पर्खिएका जस्ता हुन्छन् ।

६८. **नीखताको हेर्नु सर्वव्यापी साम्राज्य एकछिन**का लागि विश्वमा स्थापित हुन्छ ; त्यस्तो नीरवता जसमा चेतना झन तीव्र भएर सजग हुन्छ ।

६९. केही घटनाको आशा **र** आशङ्कामा पर्खेर बसेको जस्तो त्यस विश्वव्यापी **नीरवतामा** कुनै सानो शब्द पनि ठूलो विस्फोटनका साथ गर्जिन्छ **र** आशङ्कित आकुलताले मुटु ढुकुढुकु गर्न थाल्छ ।

७०. **के हुन आँट्यो ?**

**तालिका सङ्ख्या - ८**

**निर्धारित कथाको आठौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण**

| वा.स. | सम्बद्धक | प्रयुक्त शब्द |
|---|---|---|
| ६४ र ६५ | स्थानिक | ठूलो घर |
| | स्थानिक | बैठकमा |
| | संयोजन | यो |
| | संयोजन | र |
| | संयोजन | जब |

| | | |
|---|---|---|
| | संयोजन | र |
| ६५ र ६६ | - | - |
| ६६ र ६७ | - | - |
| ६७ र ६८ | स्थानिक | गुँडमा |
| ६८ र ६९ | स्थानिक | सर्वव्यापी |
| | स्थानिक | साम्राज्य |
| | कालिक | एकछिन |
| ६९ र ७० | संयोजन | र |
| | पुनरावृत्ति | निखता |
| | संयोजन | र |
| ७० । ७१ | प्रश्नवोधक | के हुन आँट्यो ? |

माथिको आठौँ अनुच्छेदमा वा. स. ६४-७० सम्म जम्मा ७ ओटा वाक्यहरू रहेका छन् । जसअन्तर्गत ६ स्थानिक, १ कालिक, ६ संयोजन, १ पुनरावृत्ति र १ प्रश्नवोधक सम्बद्धकको प्रयोग भएको छ ।

**निर्धारित कथाको नवौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण**

कथाको नवौँ अनुच्छेदमा वा.स. ७१ -८७ सम्म १७ ओटा वाक्यहरू रहेका छन् । उक्त वाक्यका सम्बद्धकहरूको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :-

७१. **म कोठामा** एक्लै एउटा सानो सुकुलमा पल्टिरहेको थिएँ ।

७२. **कुन बेला म** तयहाँ आएर पल्टेँ, कुनबेला आमाहरूको गन्गन् शब्द **कोठा-कोठामा** थामियो, **बैठकको** खेल कहिले रोकिएछ, मैले थाहा पाइँन ।

७३. **एकै चोटी** के थाहाँ पाउँछु **भन्ने म** एक्लो **कोठामा** छु वातावरणको **निस्तब्धता** प्रचण्ड छ ।

७४. साथी-सहपाठीहरू **कोसीको** चिसो बालुवामा खेल्न **र** पानीमा पौडिन गए होलान्, **मलाई** उनीहरूले बिर्सेछन् ।

७५. **म** पनि कसरी उनीहरूबाट छुट्टिएछु ।

७६. मेरो प्रिय साथी मिट्ठुले **त** बोलाउनुपर्ने ।

७७. मनमा कुनै विचार पनि दृढतासंग जम्न पाउँदैनथ्यो, गहिरो **नीखताको** सतमा कागजका टुक्राका डुङ्गाजस्ता आउाथे बग्थे ।

७८. केवल अनुभव हुन्थ्यो प्रचण्ड **निस्तब्धताको**-त्यस्तो गाढा **निस्तब्धता** जसलाई मानौं **म** लेटी -लेटी हात उठाएर छुन सक्छु ।

७९. त्यस्तै **निस्तब्धता**को घडीमा मौका छोपेर भूतप्रेत **र** आनेकाने अगरीरी जीवनहरू प्रकट हुन्छन् ।

८०. अशरीरी जीवनहरूको कुरा मनमा **एकछिन**का लागि आयो -सान्नानीले भनेको **बोक्सीको** कुरा पनि झल्याँस्स सम्झें **र श्मशानमा** हाड चबाउने कालो थुतुनो भएको **बोक्सीको** कुकुर मनमा आयो ।

८१. किचकन्यहरूको पल्टेको गोडा **र** छातीमा उम्रेको सिङ पनि **नीखता**को बाक्लो पर्दामा छायजस्तो मैले देखें ।

८२. **तर** डर भने मलाई लागेन ।

८३. **एकान्तता** यति गम्भीर थियो कि भय **र** अभयको भावना केवल सतहमा बग्ने तृणजस्तो हलुको लाग्थ्यो ।

८४. कहीँ केही शब्द छैन - ध्वनिहीन चराचर -एउटा रहस्यमय भएको थियो कि **करक्क** ढोका उघ्र्यो ।

८५. हुन **त** ढोका विस्तारै घचेप्छिएर उघ्रको थियो, तर जुन त्यो नीख वातावरणको रहस्यमय लोकमा शब्द-शरिरविहीन जीवहरूको हलचल चलिरहेको थियो, त्यसमा ढोकाको सानो शब्द तोप पड्केको जस्तो मेरो कानमा गर्ज्यो ।

८६. **म** झसङ्ग भएँ-मुटु ढुकढुक भयो ।

८७. **के हुन आट्यो ?**

## तालिका सङ्ख्या - ९

## निर्धारित कथाको नवौं अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण

| वा.स. | सम्बद्धक | प्रयुक्त शब्द |
|---|---|---|
| ७१ र ७२ | सार्वनामिक | म |
| | स्थानिक | कोठामा |
| ७२ र ७३ | कालिक | कुन बेला |
| | सार्वनामिक | म |
| | स्थानिक | कोठा-कोठामा |
| | स्थानिक | बैठकको |
| ७३ र ७४ | कालिक | एकै चोटी |
| | सार्वनामिक | म |
| | स्थानिक | कोठामा |
| | संयोजन | भने |
| | स्थानिक | निस्तब्धता |
| ७४ र ७५ | स्थानिक | कोसीको |
| | संयोजन | र |
| | सार्वनामिक | मलाई |
| ७५ र ७६ | सार्वनामिक | म |
| ७६ र ७७ | निपात | त |

| | | |
|---|---|---|
| ७७ र ७८ | स्थानिक | नीरवताको |
| ७८ र ७९ | स्थानिक | निस्तब्धता |
| | पुनरावृत्ति | निस्तब्धता |
| | सार्वनामिक | म |
| ७९ र ८० | पुनरावृत्ति | निस्तब्धता |
| | संयोजन | र |
| ८० र ८१ | कालिक | एकछिन |
| | आरोपित शब्द | बोक्सीको |
| | संयोजन | र |
| | स्थानिक | श्मशानमा |
| | आरोपित शब्द | बोक्सीको |
| ८१ र ८२ | संयोजन | र |
| | स्थानिक | नीरवता |
| ८२ र ८३ | संयोजन | तर |
| ८३ र ८४ | स्थानिक | एकान्तता |
| | संयोजन | र |
| ८४ र ८५ | क्रियायोगी | करक्क |
| ८५ र ८६ | निपात | त |
| | संयोजन | तर |

| | | |
|---|---|---|
| ८६ र ८७ | सार्वनामिक | म |
| ८७ र ८८ | प्रश्नबोधक | के हुन आँट्यो ? |

माथिको नवौं अनुच्छेदमा वा. स. ७१-८७ सम्म जम्मा १७ ओटा वाक्यहरूरहेका छन् । जसअन्तर्गत ३७ ओटा सम्बद्धकको प्योग भएका छन् । जसअर्न्तगत ३६ ओटा सम्बद्धकको प्रयोग भएका छन् । जसअर्न्तगत ७ सार्वनामिक, ११ स्थानिक, ३ कालिक, ८ संयोजन, २ निपात, २ पुनरावृत्ति, २ आरोपित शब्द, १ कियायोगी र १ प्रश्नवोधक सम्बद्धकको प्रयोग भएको छ ।

**निर्धारित कथाको दशौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण**

कथाको दशौं वा. स. ८८ -१०७ सम्म जम्मा २० ओटा वाक्यहरू रहेका छन् । उक्त वाक्यका सम्बद्धकहरूको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :-

८८. **मेरो** आशङ्का निरर्थक रहेछ ।

८९. **किनभने कोठामा** प्रवेश गरी सानो **बाल्टिनमा** गोबर-माटो रयालेको पानी **र** लुँडो लिएर भनी - "सानो बाबू ! **म कोठा** लिप्न आएकी उठ ।"

९०.तबसमम **मेरो** घबडाहट बिलाइसकेको थियो ।

९१. **म** साधारण स्थितिमा आइसकेको थिएँ ।

९२. आल्छी लागेर **म** पल्टिरहेँ ।

९३. फगुनीले फेरी भनी - "ल, ल **चाँडै** उठ **न** बाबू ! **मलाई** अबेर हुन्छ ।

९४. **मैले** फगुनीलाई हेरि मात्र रहेँ केवल आलस्यले ।

९५. **किन हेरिरहेको मलाई ।**

९६. **मैले** त्यसै **भने - "आज** नयाँ धोती लाएकी छैन **नि ?"**

९७. साँच्ची **नै** त्यसले नैनकिलाटको सेतो धोती लाएकी थिइ ।

९८. उसले भनी - "**आज** नयाँ धोती लगाउन मन लाग्यो ।

९९. यसको माड पनि राम्री निख्या छैन र

१००. राम्री पिट्न पाइनँ ।

१०१. राम्रो छ **हगि** ?

१०२. **छ** ।

१०३. उसका खैरा आँखा चम्के ।

१०४. नीलो या काले **आँखामा** जति अतलताको भान हुन्छ त्यति खैरो **आँखामा** हुँदैन , ठिक हो ; **तर** विनोदताको टलक खैरो **आँखामा** छिट्टै झल्किन्छ ।

१०५. **त्यही** टलक उसको **आँखामा** आज मैले देखेँ ।

१०६. जीवनमा पहिलो अवसर थियो मेरो लागि **जब** कसैको **आँखापट्टि** मेरो ध्यान गएको थियो **र** जसको दृष्टिको अनुभव **मलाई** हुन लागेको थियो ।

१०७. आँखा कस्तो खैरो हुन सक्छ **र** कति विनोदमय ! **त्यस दिन** फगुनीको दृष्टिले **मलाई** वोध गरायो ।

**तालिका सङ्ख्या - १०**

**निर्धारित कथाको दशौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण**

| वा.स. | सम्बद्धक | प्रयुक्त शब्द |
|---|---|---|
| ८८ र ८९ | सार्वनामिक | मेरो |
| ८९ र ९० | संयोजन | किनभने |
| | स्थानिक | कोठामा |
| | स्थानिक | बाल्टिनमा |
| | संयोजन | र |
| | सार्वनामिक | म |
| | स्थानिक | कोठा |
| ९० र ९१ | सार्वनामिक | मेरो |
| ९१ र ९२ | सार्वनामिक | म |
| ९२ र ९३ | सार्वनामिक | म |
| ९३ र ९४ | कालिक | चाडै |
| | निपात | न |

| | | |
|---|---|---|
| | सार्वनामिक | मलाई |
| ९४ र ९५ | सार्वनामिक | मैले |
| ९५ र ९६ | प्रश्नबोधक (आश्चर्यबोधक) | किन हेरिरहेको मलाई ? |
| ९६ र ९७ | सार्वनामिक | मैले |
| | संयोजन | भने |
| | कालिक | आज |
| | निपात | नि |
| ९७ र ९८ | निपात | नै |
| ९८ र ९९ | कालिक | आज |
| ९९ र १०० | - | - |
| १०० र १०१ | - | - |
| १०१ र १०२ | निपात | हगि ! |
| १०३ र १०४ | - | - |
| १०४ र १०५ | स्थानिक | आँखामा |
| | पुनरावृत्ति | आँखामा |
| | संयोजन | तर |
| | पुनरावृत्ति | आँखामा |
| १०५ र १०६ | स्थानिक | त्यही |
| | पुनरावृत्ति | आँखामा |

| | | |
|---|---|---|
| | कालिक | आज |
| १०६ र १०७ | संयोजन | जब |
| | स्थानिक | आँखापट्टि |
| | सार्वनामिक | मेरो |
| १०७ र १०८ | संयोजन | र |
| | सार्वनामिक | मलाई |

माथिको दशौँ अनुच्छेदमा वा. स ८८ देखि १०७ सम्म जम्मा २० ओटा वाक्यहरू रहेका छन् । जसअर्न्तगत ३७ ओटा सम्बद्धकको प्रयोग भएको छ र त्यसअन्तर्गत ११ सार्वनामिक, ७ संयोजन, ६ स्थानिक, ५ कालिक, ४ निपात, १ प्रश्नबोधक र ३ पुनरावृत्ति सम्बद्धकहरूको प्रयोग भएको छ ।

## निर्धारित कथाको एघारौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण

कथाको एघारौँ अनुच्छेदमा वा. स. १०८-११२ सम्म जम्मा ५ ओटा वाक्यहरू रहेका छन् । उक्त वाक्यहरूका सम्बद्धकहरूको पहिचान र विश्लेषण तल पूतुत गरिएको छः-

१०८. **आजकी** फगुनीको विनोदप्रियता **पनि** अनोठौ थियो ।

१०९. **जसका** बारेमा विनोद, हाँसो **र** ठट्टाका कल्पना गर्न सकिँदैन, त्यसमा हठात् **यो** प्रवृत्ति देख्दा **एकछिन** मानवचरित्रको रहस्यका प्रति आश्चर्य लाग्छ ।

११०. फगुनीलाई **आज** के भएको छ ; एकदम वाचाल भएर उठेकी छ ।

१११. भन्छे - “एक्लै **के** बसेको बाबू, साथीहरूसंग खेल्न नगएर ।”

११२. **र** ठट्टा गरेर फेरि भन्छे - **“एक्लै मन लाग्छ बस्न दुलही नभएर ?”**

**तालिका सङ्ख्या - ११**

**निर्धारित कथाको एघारौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण**

| वा.स. | सम्बद्धक | प्रयुक्त शब्द |
|---|---|---|
| १०८ र १०९ | कालिक | आजकी |
| | संयोजन | पनि |
| १०९ र ११० | संयोजन | जसका |
| | संयोजन | र |
| | सार्वनामिक | यो |
| | कालिक | एक छिन |
| ११० र १११ | कालिक | आज |
| १११ र ११२ | निपात | के |
| ११२ र ११३ | संयोजन | र |
| | प्रश्नबोधक | एक्लै मन लाग्छ बस्न दुलही नभएर ? |
| | सार्वनामिक | के |

माथिको एघारौँ अनुच्छेदमा वा. स १०८-११२ सम्म जम्मा ५ ओटा वाक्यहरू रहेका छन् । जसमा ११ ओटा सम्बद्धकको प्रयोग भएको छ । त्यस अन्तर्गत ३ कालिक, ४ संयोजन, २ सार्वनामिक, १ निपात र १ प्रश्नबोधक सम्बद्धकको प्रयोग भएको छ ।

**निर्धारित कथाको बाह्रौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण**

कथाको बाह्रौँ अनुच्छेदमा वा. ११३-११७ सम्म जम्मा ५ ओटा वाक्यहरू रहेका छन् । उक्त वाक्यका सम्बद्धकहरूको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :-

११३. विवाह, कुही, प्रेम यस्ता सम्बन्ध हुन जसबारे **त्यस उमेरमा मलाई** त्यसै लाज लाग्थ्यो ।

११४. **यी** शब्दहरूले कुन मार्मिक सम्बन्धलाई लक्ष्य गदर्छन् **त्यो म** राम्ररी बुझ्न सक्दिनथेँ **तर** यति कुरा **त** बुझेको थिएँ, **यिनले** कुनै गोपनीय सम्बन्धलाई लक्ष्य गर्दछन् जसमाथि सदासर्वदा लज्जाको आवरण परेको हुन्छ ।

११५. **यो** त्यस्तो **बर्जित लोक** हो **जसमा** केवल निर्लज्जसँग हामीभन्दा बुढापाकाहरू मात्र प्रवेश गर्दछन् ।

११६. **मेरो** कान लाजले तात्यो ।

११७. **मैले भनें** -"धत !"

**तालिका सङ्ख्या - १२**

**निर्धारित कथाको बाह्रौं अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण**

| वा.स. | सम्बद्धक | प्रयुक्त शब्द |
|---|---|---|
| ११३ र ११४ | कालिक | त्यस उमेरमा |
| | सार्वनामिक | मलाई |
| ११४ र ११५ | सार्वनामिक | यी |
| | अग्रसन्दर्भक | त्यो |
| | सार्वनामिक | म |
| | संयोजन | तर |
| | निपात | त |
| | सार्वनामिक | यिनले |
| ११५ र ११६ | सार्वनामिक | यो |
| | स्थानिक | वर्जित लोक |
| | संयोजन | जसमा |

| | | |
|---|---|---|
| ११६ र ११७ | सार्वनामिक | मेरो |
| ११७ र ११८ | संयोजन | भने |

माथिको बाह्रौं अनुच्छेदमा वा. स. ११३-११७ सम्म जम्मा ५ ओटा वाक्यहरू रहेका छन् । जसमा १४ ओटा सम्बद्धकको प्रयोग भएका छन् । जसअन्तर्गत १ कालिक, ७ सार्वनामिक, ३ संयोजन, १ अग्रसन्दर्भक, १ स्थानिक र १ निपात सम्बद्धकहरूको प्रयोग भएको छ ।

**निर्धारित कथाको तेह्रौं अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण**

कथाको बाह्रौं अनुच्छेदमा वा.११८-१५४ सम्म जम्मा ३६ ओटा वाक्यहरू रहेका छन् । उक्त वाक्यका सम्बद्धकहरूको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :-

११८. फगुनीले निश्चय **नै मेरो** विप्रत अवस्था-सङ्कटावस्थालाई बुझिहोली ।

११९. **ऊ** मरमिरी हाँसन थाली ।

१२०. **मेरो** कान झनझन राता हुँदै गए ।

१२१. **उसको** हाँसो उतिउसत बढेदै गयो ।

१२२. जतिसुकै **मलाई** लातले थिचे ।

१२३. **तापनि** फगुनीको निर्मल हाँसोले **मेरो** गर्वाहत गऱ्यो ।

१२४. **मैले** पौरूष झिकेर सोधेँ -“तिम्रो दुलहा खोइ **नि ?”**

१२५. **उसको** हाँसो **त** थामियो ।

१२६. **तर** एउटा विचित्र आकृति गरेको **ऊ** मुस्कुराई ।

१२७. भनी -“**तिमी** !”

१२८. **मैले** फेरि **भने** - “धत् !”

१२९. **उसको** आँखाको रङ्गदेख्दादेख्दै वदलिएको जस्तो लाग्यो ।

१३०. अलिक काली भए उसका आँखा ।

१३१. पालुवा हाल्नुभन्दा **पहिले** पातझड्मा खेल्दै गएको वृक्षसमूहमाथि वादलको छायाँ परेको जस्तो धमिलो ।

१३२. त्यति मात्र परिवर्तन **उसको आँखामा** आयो ।

१३३. **तर मलाई** लाग्यो **कुनै** एउटा ठूलो कुराको वेगलाई **उसको** शरीरले सम्हाल्न थालेको छ ।

१३४. **ऊ** काप्या जस्तो गर्थी ।

१३५. **मैले भने** -"धत ! तिम्रो दुलहा छ ।

१३६. **मलाई** थाहा छ ।

१३७. हँ फगुनी दुलहासंग किन बस्दिनौ तिमी ?"

१३८. **मेरो चुमौन** मात्र भएको हो ।

१३९. **गौना** भएको छैन ।

१४०. **चुमौन के ?**

१४१. चुम्बन ! युगल ओष्ठ र्हदयको **सङ्गम - तीर्थ** ! दुई हृदयको आफ्नो-आफ्नो शरीर सीमामा चिना -परिचय

१४२. **नौ दश वर्ष**को बालक चुम्बनको माहात्म्य **के** जान्दथ्यो **र ।**

२४३. उसलाई यति मात्र अस्पष्ट रूपमा थाहा थियो ।

२४४. **कि** विवाह, पति, पत्नी **र** प्रेमसँग सम्बन्ध राख्ने वस्तु हो ।

२४५. चुम्बन **र** ती कुराहरू जस्तै गोपनीय **र** लज्जायुक्त उसले भनी ।

२४६. सानै केटाकेटीमै हाम्रो **चुमौन** हुन्छ ।

२४७. वर **र** केटीको रगत रगत जो छन् ।

२४८. दुवैको कान्छी औँलामा सानो घाउ पारेर दुईटैको औँलालाई आपसमा दलिदिन्छन् ।

१४९. पछि ठूलो भएर दुलहाले गौना गरेर केटीलाई लैजान्छ ।

१५०. पल्टीपल्टी **मैले** सोधेँ ।

२५१. तिम्रो दुलहाले तिमीलाई लिन किन आएन ?

२५२. **ऊ** एकचोटि काँप्या जस्तो गरी

२५३. **र** व्यग्र भएर भनी -"**ल ल,** उठ चाँडै, मलाई कोठा लिप्नु छ ।"

२५४. "भनिहाले **नि** !" हाँसेर भनी -"तिमी मेरो दुलहा ।"

**तालिका सङ्ख्या - १३**

**निर्धारित कथाको तेह्रौं अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण**

| वा.स. | सम्बद्धक | प्रयुक्त शब्द |
|---|---|---|
| ११८ र ११९ | निपात | नै |
| | सार्वनामिक | मेरो |
| ११९ र १२० | सार्वनामिक | ऊ |
| १२० र १२१ | सार्वनामिक | मेरा |
| १२१ र१२२ | सार्वनामिक | उसको |
| १२२ र १२३ | सार्वनामिक | मलाई |
| १२३ र १२४ | संयोजान | तापनि |
| | सार्वनामिक | मेरो |
| १२४ र १२५ | सार्वनामिक | मैले |
| | निपात | नि |
| १२५ र १२६ | सार्वनामिक | उसको |
| | निपात | त |
| १२६ र १२७ | संयोजान | तर |
| | सार्वनामिक | ऊ |
| १२७ र १२८ | सार्वनामिक | तिमी |
| १२८ र १२९ | सार्वनामिक | मैले |

| | | |
|---|---|---|
| | संयोजन | भने |
| १२९ र १३० | सार्वनामिक | उसको |
| १३० र १३१ | - | - |
| १३१ र १३२ | कालिक | पहिले |
| १३२ र १३३ | सार्वनामिक | उसको |
| | स्थानिक | आँखामा |
| १३३ र १३४ | संयोजन | तर |
| | सार्वनामिक | मलाई |
| | सार्वनामिक | उसको |
| १३४ र १३५ | सार्वनामिक | कुनै |
| | सार्वनामिक | ऊ |
| १३५ र १३६ | सार्वनामिक | मैले |
| | संयोजन | भने |
| १३६ र १३७ | सार्वनामिक | मलाई |
| १३७ र १३८ | - | - |
| १३८ र १३९ | सार्वनामिक | मेरो |
| | नाम | चुमौन |
| १३९ र १४० | नाम | मौन |
| १४० र १४१ | पुनरावृत्ति | चुमौन |

| | | |
|---|---|---|
| १४१ र १४२ | स्थानिक | सङ्गम-तीर्थ |
| १४२ र १४३ | कालिक | नौ दश वर्षको |
| | प्रश्नवाचक | के |
| | संयोजन | र |
| १४३ र १४४ | - | - |
| १४४ र १४५ | संयोजन | कि |
| | संयोजन | र |
| १४५ र १४६ | संयोजन | र |
| | संयोजन | र |
| १४६ र १४७ | पुनरावृत्ति | चुमौन |
| १४७ र १४८ | संयोजन | र |
| १४८ र १४९ | - | - |
| १४९ र १५० | - | - |
| १५० र १५१ | सार्वनामिक | मैले |
| १५१ र १५२ | - | - |
| १५२ र १५३ | सार्वनामिक | मैले |
| १५३ र १५४ | संयोजन | र |
| | निपात | ल ल |
| १५४ र १५५ | निपात | नि |

माथिको तेह्रौं अनुच्छेदमा वा. स. ११८-१५४ सम्म जम्मा ३६ ओटा वाक्यहरू रहेका छन् । जसमा ४७ ओटा सम्बद्धकको प्रयोग भएका छन् । जसअन्तर्गत ५ निपात, २२ सार्वनामिक, १२ संयोजन, २ स्थानिक, १ कालिक, २ नाम, २ पुनरावृत्ति र १ प्रनवाचक सम्बद्धकहरूको प्रयोग भएको छ ।

**निर्धारित कथाको चौधौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण**

कथाको चौधौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण कथाको चौधौँ अनुच्छेदमा वा.स. १५५-१६५ सम्म जम्मा ११ ओटा वाक्यहरू रहेका छन् । उक्त वाक्यका सम्बद्धकहरूको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :-

१५५. **उनि** हठात कठोर मूर्तिवत् भई ।

१५६. **उसको** हाँसो एकदम विलायो ।

१५७. यदपि शब्दले **मलाई** हतार गराउने चेष्टा **त** गर्थी **तर** कामले **भने** तरखर थिएन **उसको** ।

१५८. केवल एउटा विचित्र दृष्टिपात गरिरही म उपर ।

१५९. **उसमा** विनोदको उल्लास **अब** थिएन ।

१६०. **र मलाई** दुलहा भनेर जिस्क्याउँदा **उसका** आँखा टल्किदैनथे -केवल कालो बादलको छाया **त्यसमा** पर्थ्यो ।

१६१. शरीर **र** दृष्टिमा **आमोदको** सट्टा एउटा **कठोरता** आएको जस्तो **मलाई** लाग्यो ।

१६२. **कोसीमा** बाढकिो पहिलो हुल आउँदा **नदीमा** जुन एक प्रकारको तनाव देखिन्थ्यो त्यस्तै तनाव **उसको** दृष्टिमा आयो ।

१६३. कोशीको त्यस **कठोर** तनावले हाम्रो **इलाकामा** एउटा आसङ्काको लहर फैलिन्थ्यो ।

१६४. सानो आसङ्कको लहर **मेरो** शरीरमा पनि फैलियो ।

१६५. **मैले** "धत् ?" **भनेँ र** उठेर बसेँ **र** फेरि त्यसै **भनेँ** - "धत् !" ।

**तालिका सङ्ख्या - १४**

**निर्धारित कथाको चौधौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण**

| वा.स. | सम्बद्धक | प्रयुक्त शब्द |
|---|---|---|
| १५५ र १५६ | संयोजन | अनि |
| १५६ र १५७ | सार्वनामिक | उसको |

| | | |
|---|---|---|
| १५७ र १५८ | सार्वनामिक | मलाई |
| | निपात | त |
| | संयोजन | तर |
| | संयोजन | भने |
| | सार्वनामिक | उसमा |
| १५८ र १५९ | - | - |
| १५९ र १६० | सार्वनामिक | उसमा |
| | कालिक | अब |
| १६० र १६१ | संयोजन | र |
| | सार्वनामिक | मलाई |
| | सार्वनामिक | उसमा |
| | स्थानिक | त्यसमा |
| १६१ र १६२ | संयोजन | र |
| | नाम | आमोद |
| | नाम | कठोरता |
| | सार्वनामिक | मलाई |
| १६२ र १६३ | स्थानिक | कोसी |
| | स्थानिक | नदीमा |
| | सार्वनामिक | उसको |

| | | |
|---|---|---|
| १६३ र १६४ | नाम | कठोर |
| | स्थानिक | इलाकामा |
| १६४ र १६५ | सार्वनामिक | मेरो |
| १६५ र १६६ | सार्वनामिक | मैले |
| | संयोजन | भने |
| | संयोजन | र |
| | संयोजन | भने |

माथिको चौधौं अनुच्छेदमा वा. स. १५५-१६५ सम्म जम्मा ११ ओटा वाक्यहरू रहेका छन् । जसमा २८ ओटा सम्बद्धकको प्रयोग भएका छन् । जसअन्तर्गत ९ संयोजक, १० सार्वनामिक, १ निपात, १ कालिक, ४ स्थानिक र ३ नाम सम्बद्धकहरूको प्रयोग भएको छ ।

**निर्धारित कथाको पन्ध्रौं अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण**

कथाको पन्ध्रौं अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण कथाको पन्ध्रौं अनुच्छेदमा वा.स. १६६-१८० सम्म जम्मा १५ ओटा वाक्यहरू रहेका छन् । उक्त वाक्यका सम्बद्धकहरूको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :-

१६६. **उसको** शरीर झन कठोर भयो; **उसको** दृष्टि झन **कालिमामय** ।

१६७. **उसको** वाणीमा अनायास शुष्कता थियो ।

१६८. धोद्रो बोलमि **उसले** सोधी -"यहाँ अरू **त** कोही छैन ।

१६९. तल **नि** ? हठात जुरुक्क उठेर **ऊ** कोठा -कोठा हेर्न थाली ।

१७०. शिरबाट झरेको आँचललाई बडो दृढतासँग कम्मरमा बाँधी **उसको** रूक्ष केश **काँधमा** खस्यो ।

१७१. **उसका** व्यग्रताले यताउति गरेको भयोत्पादक थियो ।

१७२. आँखा काला निभेका कोइलाजस्ता भए जसबाट चमक एकदम लुप्त थियो ।

१७४. **त्यसको** ठाउँमा बैगनी वर्ण पोतिएको थियो; आँखा दुइटा गहिरा जलशून्यजस्ता भासिएका थिए ।

१७५. दम फुलेर **त्यो** स्वाँ-स्वाँ गरिरहेकी थिई ।

१७६. धोती **त उसको** सफा थियो **तर उसले** लगाएको चोलो तेल, पसिना, धुलो **र** गृहस्थीका सानातिना कामले मैलो धुलो भइसकेको थियो ।

१७७. धोतीको फुर्कोलाई **उसले** कम्मरमा कसेर बसेकी थिई ।

१७८. छातीमा भयङ्कर रौद्रताले कालो **चोलोबाट उसको** यौवनचिहन हरिणीको **टाउकोमा** उम्रेको सिङजस्तो कठोर **र** तीक्ष्ण भए ।

१७९. **कोसी**को बिरानो बालुवाका **तटमा** हठात उठ्ने हावाको भुमरजिस्तो हुँरिदे त्यो मनिर आई ।

१८०. "तिमी **मेरो** दुलहा !" त्यही हावाको भुमरीजस्तै तातो निःश्वास; त्यही **बिरानो ठाउँको** कुनै अतृप्त अशरीरी जीवनको हृदयलाई कम्पाउने किसिमको **उच्छवास** ।

**तालिका सङ्ख्या - १५**

**निर्धारित कथाको पन्ध्रौं अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण**

| वा.स. | सम्बद्धक | प्रयुक्त शब्द |
|---|---|---|
| १६६ र १६७ | सार्वनामिक | उसको |
| | सार्वनामिक | उसको |
| | नाम | कालिमाया |
| १६७ र १६८ | सार्वनामिक | उसको |
| १६८ र १६९ | सार्वनामिक | उसले |
| | निपात | त |
| १६९ र १७० | निपात | नि |
| | सार्वनामिक | ऊ |
| १७० र १७१ | सार्वनामिक | उसको |
| | स्थानिक | काँधमा |
| १७१ र १७२ | सार्वनामिक | उसका |

| | | |
|---|---|---|
| १७२ र १७३ | - | - |
| १७३ र १७४ | सार्वनामिक | मेरो |
| | स्थानिक | कोठामा |
| | सार्वनामिक | उसको |
| १७४ र १७५ | सार्वनामिक | त्यसको |
| १७५ र १७६ | अग्रसन्दर्भक | त्यो |
| १७६ र १७७ | निपात | त |
| | सार्वनामिक | उसको |
| | संयोजन | तर |
| | सार्वनामिक | उसले |
| | संयोजन | र |
| १७७ र १७८ | सार्वनामिक | उसले |
| १७८ र १७९ | स्थानिक | चेलोबाट |
| | सार्वनामिक | उसको |
| | स्थानिक | टाउकोमा |
| | संयोजन | र |
| १६९ र १८० | स्थानिक | कोसीको |
| | स्थानिक | तटमा |
| १८० र १८१ | सार्वनामिक | मेरो |

| | | |
|---|---|---|
| | स्थानिक | विरानो ठाउँमा |

माथिको पन्ध्रौँ अनुच्छेदमा वा. स. १६६ -१८० जम्मा १५ ओटा वाक्यहरू रहेका छन् । जसमा ३१ ओटा सम्बद्धकको प्रयोग भएका छन् । जसअन्तर्ग १४ सार्वानामिक, २ नाम, ३ निपात, ८ स्थानिक, ३ संयोजन र १ अग्रसन्दर्भ सम्बद्धकहरूको प्रयोग भएको छ ।

**निर्धारित कथाको सोह्रौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण**

कथाको साह्रौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण कथाको सोह्रौँ अनुच्छेदमा वा.स. १८१ -१८४ सम्म जम्मा ४ ओटा वाक्यहरू रहेका छन् । उक्त वाक्यका सम्बद्धकहरूको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :-

१८१. **म** भयले चिच्याएर उठेँ **र कोठामा यताउति** भाग्न थाले ।

१८२. **मेरो** भय **अतर्क्य** थियो, बुद्धिप्रेरित थिएन, अस्तित्त्वको माध्ययमबाट **चारिदै** उम्लिएर उठेरको भय ।

१८३. मानव अहिलेसम्म पनि असाहाय **नै** छ बालक; प्रकृतिको बीचबीचमा उघ्रिएको बिराट् रूपको दर्शनले अत्याहटमा आएर भयग्रस्त ।

१८४. प्रकृतिको कुनै पनि नग्न रू, जुन रूपसँग मानव अभ्यस्त भैसकेको हुँदैन ।

**तालिका सङ्ख्या - १६**

**निर्धारित कथाको सोह्रौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण**

| वा.स. | सम्बद्धक | प्रयुक्त शब्द |
|---|---|---|
| १८१ र १८२ | सार्वनामिक | म |
| | संयोजन | र |
| | स्थानिक | कोठामा |
| | स्थानिक | यताउति |
| १८२ र १८३ | सार्वनामिक | मेरो |
| | विशेषण | अतर्क्य |

| | | |
|---|---|---|
| १८३ र १८४ | निपात | नै |
| १८४ र १८५ | संयोजन | जुन |

माथिको सोह्रौं अनुच्छेदमा वा. स. १८१-१८४ जम्मा ४ ओटा वाक्यहरू रहेका छन् । जसमा ८ ओटा सम्बद्धकको प्रयोग भएका छन् । जसअन्तर्ग २ सार्वनामिक, २ स्थानिक, २ संयोजन, १ विशेषण र १ निपात सम्बद्धकहरूको प्रयोग भएको छ ।

**निर्धारित कथाको सत्रौं अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण**

कथाको सत्रौं अनुच्छेदमा वा.स. १८५-१९५ सम्म जम्मा ११ ओटा वाक्यहरू रहेका छन् । उक्त वाक्यका सम्बद्धकहरूको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :-

१८५. **त्यस दिन** फगुनी फगुनी थिइन - **त्यो कोसी नदीको** त्यस **भँगालो** भएकी थिई जो बाढीमा प्रलयको वेग लिएर उर्लिन्छ ।

१८६. **र** उग्र, भयङ्कर प्रलयङ्कारी हुन्छ , जब त्यसले मानिसका प्रति उन्मत्त भए। सबैलाई निल्दै हिँडेछ -हाहाकार मच्याउँदै ।

१८७. त्यस्तै श्वेतभैरवी जाग्रत भएकी फगुनीको जटा हावामा फैलिएको, आँखा निभेको आँगो, चरणमा **ताण्डवको** शक्ति, कालो-नीलो थियो ।

१८८. वक्षमा श्रङ्गार खुलेको मुखको गुफाबाट तप्त उच्छवासको बाफ । श्वेतभैरवी फगुनी । **म** भागिरहेको थिएँ ।

१८८९. कातरभीत बालक । उन्मत्त यौवनको **अँध्यारो भीरबाट** श्वेतभैरवी **मेरो** खेदो गरिरहेकी थिई ।

१९०. लाग्यो, भागिरहेका **मेरा** गोडा भासिरहेछन **र भीरमाथिको** गर्त **मलाई** निल्न झनझन ठूलो मुख बनाउँदै आइरहेछ -कोसीको असंयमित बाढीजस्तै ।

१९१. **उसका** हात गोबर **र** हिलोले **कुहिनासम्म** मुछिएका छन् **र** त्यसलाई बराबर माथि उठाउँथी **उ, खड्गवाद** कालीजस्ती ।

१९२. कहिले हो कुन्नी भुइँमा राखेको बाल्टिन **उसको** गोडाले ढलेछ; **र** बाल्टीबाट निस्केको काँटीले **उसको** गोडा चिरेछ ।

१९३. रगत **र** हिलो मिस्सिएको गोडाको डाम **भुइँभरि** थियो ।

१९४. **उसको** नयाँ धोती पनि काँटीले च्यातेछ ।

१९५. **तर ऊ** सुद्धि हराउजसती भएर **मलाई** खेदिरहेकी थिई ।

१९६ **म** भागिरहेको थिएँ ।

## तालिका सङ्ख्या - १७

## निर्धारित कथाको सत्रौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण

| वा.स. | सम्बद्धक | प्रयुक्त शब्द |
|---|---|---|
| १८५ र १८६ | कालिक | त्यस दिन |
| | अग्र सन्दर्भक | त्यो |
| | स्थानिक | कोसी नदीको |
| | स्थानिक | भँङ्गालो |
| १८६ र १८७ | संयोजन | र |
| १८७ र १८८ | विशेषण | ताण्डवको |
| १८८ र १८९ | सार्वनामिक | म |
| १८९ र १९० | स्थानिक | अँध्यारो भीरबाट |
| | सार्वनामिक | मेरो |
| १९० र १९१ | सार्वनामिक | मेरा |
| | संयोजन | र |
| | स्थानिक | भीरमाथिको |
| | सार्वनामिक | मलाई |
| १९१ र १९२ | सार्वनामिक | उसका |
| | संयोजन | र |
| | स्थानिक | कुहिनासम्म |

| | | |
|---|---|---|
| | संयोजन | र |
| | सार्वनामिक | उ |
| | नाम | खड्गबाहु |
| १९२ र १९३ | सार्वनामिक | उसको |
| | संयोजन | र |
| | सार्वनामिक | उसको |
| १९३ र १९४ | संयोजन | र |
| | स्थानिक | भुँइमा |
| १९४ र १९५ | सार्वनामिक | उसको |
| १९५ र १९६ | संयोजन | तर |
| | सार्वनामिक | उ |
| | सार्वनामिक | मलाई |
| १९६ र १९७ | सार्वनामिक | म |

माथिको सत्रौ अनुच्छेदमा वा. स. १८५-१९५ जम्मा ११ ओटा वाक्यहरू रहेका छन् । जसमा २९ ओटा सम्बद्धकको प्रयोग भएका छन् । जसअन्तर्ग १ कालिक, ६ स्थानिक, ७ संयोजन, १ अग्रसन्दर्भक, १ विशेषण, १२ सार्वनामिक र १ नाम सम्बद्धकहरूको प्रयोग भएको छ ।

**निर्धारित कथाको अठारौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण**

कथाको अठारौँ अनुच्छेदमा वा.स. १९७-१९९ सम्म जम्मा ३ ओटा वाक्यहरू रहेका छन् । उक्त वाक्यका सम्बद्धकहरूको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :-

१९७. हे इश्वर ! **मलाई** बचाऊ; बचाऊ श्वेतभेरवीको दानवी **नङ्ग्राबाट ! म** भरिन्छु **उसको** उन्मत्त **उच्छ्वासको भट्टीमा; म** उनिन्छु **उसको** छतीको सिङमाण्बचाऊ **मलाई ! मेरो** बालहृदय दन्त्यकथाका भूतप्रेत **र श्मशानवासी** वायुहरूको कल्पनाले भयभीत भएर उड्यो ।

१९८. **म** संज्ञाहीन हुँला जस्तो भएँ ।

१९९. आँखा चिम्लेर **प्राणको** अन्तिम मार्ग समातेर **माथिबाट** हामफालेँ ।

**तालिका सङ्ख्या - १८**

**निर्धारित कथाको अठारौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण**

| वा.स. | सम्बद्धक | प्रयुक्त शब्द |
|---|---|---|
| १९७ र १९८ | सार्वनामिक | मलाई |
| | स्थानिक | नङ्ग्राबाट |
| | सार्वनामिक | म |
| | सार्वनामिक | उसको |
| | स्थानिक | उच्छ्वासको भट्टी |
| | सार्वनामिक | म |
| | सार्वनामिक | उसको |
| | सार्वनामिक | मलाई |
| | सार्वनामिक | मेरो |
| | संयोजन | र |
| | स्थानिक | श्मशानवासी |
| १९८ र १९९ | सार्वनामिक | म |
| १९९ र २०० | विशेषण | प्राण |

| | | |
|---|---|---|
| | स्थानिक | माथिबाट |

माथिको अठारौँ अनुच्छेदमा वा. स. १९७-१९९ जम्मा ३ ओटा वाक्यहरू रहेका छन् । जसमा १४ ओटा सम्बद्धकको प्रयोग भएका छन् । जसअन्तर्ग ८ सार्वनामिक, ४ स्थानिक, १ विशेषण र १ संयोजन सम्बद्धकहरूको प्रयोग भएको छ ।

**निर्धारित कथाको उन्नाइसौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण**

कथाको उन्नाइसौँ अनुच्छेदमा वा.स. २०० -२०३ सम्म जम्मा ४ ओटा वाक्यहरू रहेका छन् । उक्त वाक्यका सम्बद्धकहरूको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :-

२००. **तल** बारीलाई घेर्न भनेर बाँसहरू थुपारेर राखेको थियो ।

२०१. **त्यहीँनेर म** खस्न पुगेँ ।

२०२. एउटा तीखो बाँसको टुप्पुले **मेरो दाहिने** घुँडाको ठीक **तल** गहिरो घाउ पारेर चिऱ्यो ।

२०३. रगतको **भल** बग्न थाल्यो ।

**तालिका सङ्ख्या - १९**

**निर्धारित कथाको उन्नाइसौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण**

| वा.स. | सम्बद्धक | प्रयुक्त शब्द |
|---|---|---|
| २०० र २०१ | स्थानिक | तल बारी |
| २०१ र २०२ | स्थानिक | त्यहीँनेर |
| | सार्वनामिक | म |
| २०२ र २०३ | सार्वनामिक | मेरो |
| | स्थानिक | दाहिने |
| | स्थानिक | तल |
| २०३ र २०४ | नाम | भल |

माथिको उन्नाइसौँ अनुच्छेदमा वा. स. २००-२०३ जम्मा ४ ओटा वाक्यहरू रहेका छन् । जसमा ७ ओटा सम्बद्धकको प्रयोग भएका छन् । जसअन्तर्ग ४ स्थानिक, १ नाम र २ सर्वनामिक सम्बद्धकहरूको प्रयोग भएको छ ।

**निर्धारित कथाको बीसौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण**

कथाको बीसौँ अनुच्छेदमा वा.स. २०४-२०९ सम्म जम्मा ६ ओटा वाक्यहरू रहेका छन् । उक्त वाक्यका सम्बद्धकहरूको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :-

२०४. जुन **अकस्मात्** ढङ्गबाट **यो** तुफान रचित गएको थियो ।

२०५. त्यस्तै **अकस्मात** ढङ्गबाट **त्यो** शान्त पनि भयो

२०६. **कोसी नदी** मानौँ पुनः **आफ्नो** स्थानमा फर्केर आइन् **र** मन्द गतिले बग्न थालिन ।

२०७. मानौँ **वर्षाको** प्रलयसंग **उसको** वास्ता थिउन ।

२०८. फगुनी मनिर आएर उभिई ।

२०९. शान्त, **अनुद्धिग्न** शीतल हास्याका साथ श्वैतवर्ण **ग्राम** - तरूणी फगुनी **मलाई** सोधी -"सानो बाबु ! धेरे चोट लाग्यो कि ?" ।

**तालिका सङ्ख्या - २०**

**निर्धारित कथाको बीसौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण**

| वा.स. | सम्बद्धक | प्रयुक्त शब्द |
|---|---|---|
| २०४ र २०५ | कालिक | अकस्मात |
| | सार्वनामिक | यो |
| २०५ र २०६ | अग्रसन्दर्भक | त्यो |
| २०६ र २०७ | स्थानिक | कोसी नदी |
| | सार्वनामिक | आफ्नो |
| | संयोजन | र |
| २०७ र २०८ | कालिक | वर्षाको |

| | | |
|---|---|---|
| | सार्वनामिक | उसको |
| २०८ र २०९ | - | - |
| २०९ र २१० | विशेषण | अनुद्धिग्न |
| | स्थानिक | ग्राम |
| | सार्वनामिक | मलाई |

माथिको बीसौँ अनुच्छेदमा वा. स. २०४-२०९ सम्म जम्मा ६ ओटा वाक्यहरू रहेका छन् । जसमा ११ ओटा सम्बद्धकको प्रयोग भएका छन् । जसअर्न्तग २ कालिक, ४ सार्वनामिक, २ स्थानिक, १ अग्रसन्दर्भक, १ विशेषण र एक संयोजन सम्बद्धकहरूको प्रयोग भएको छ ।

**निर्धारित कथाको एक्काइसौं अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण**

कथाको एक्काइसौँ अनुच्छेदमा वा.स. २१०-११२ सम्म जम्मा ३ ओटा वाक्यहरू रहेका छन् । उक्त वाक्यका सम्बद्धकहरूको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :-

२१०. **उसका** खैरा आँखाले आफ्नो स्वभाव पुनः प्राप्त गसरसकेका थिए; शरीरले आफ्नो प्राकृतिक वर्ण; **त्यसमा** अव तनाव थिएन; सिङ्को स्थानमा तरूणीको शोभामय उभार मात्र थियो **जो** मैले चोलो **र** आँचलले छोपिएको थियो ।

२११. हात **र** गोडामा हिलो अझै लागेको थियो **तर त्यो गृहकार्यनिमग्न** नारीको स्वभाववविक लक्षण थियो ।

२१२. लेलाहाकी दुहिता, चुमौन भैसकेकी **तर हिरागमनका** लागि पतिको प्रतीक्षा गर्दै बसेकी हाम्री नोकर्नी-फगुनी ।

## तालिका सङ्ख्या - २१

## निर्धारित कथाको एक्काइसौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण

| वा.स. | सम्बद्धक | प्रयुक्त शब्द |
|---|---|---|
| २१० र २११ | सार्वनामिक | उसका |
| | स्थानिक | त्यसमा |
| | सार्वनामिक | जो |
| | संयोजन | र |
| २११ र २१२ | संयोजन | र |
| | संयोजन | तर |
| | अग्रसन्दर्भक | त्यो |
| | स्थानिक | गृहकार्यनिमग्ना |
| २१२ र २१३ | संयोजन | तर |
| | नाम | द्विरागमनका |

माथिको एक्काइसौँ अनुच्छेदमा वा. स. २१०-२१२ सम्म जम्मा ३ ओटा वाक्यहरू रहेका छन् । जसमा १० ओटा सम्बद्धकको प्रयोग भएका छन् । जसअन्तर्ग २ सार्वनामिक, २ स्थानिक, १ अग्रसनदर्भक, १ नाम र ४ संयोजन सम्बद्धकहरूको प्रयोग भएको छ ।

### निर्धारित कथाको बाइसौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण

कथाको बाइसौँ अनुच्छेदमा वा.स. २१३-२२२ सम्म जम्मा १० ओटा वाक्यहरू रहेका छन् । उक्त वाक्यका सम्बद्धकहरूको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :-

२१३. **तर जे** होस्, एउटा ठूलो हुरी **त** बग्यो केहीछिन पहिले ।

२१४. हामी दुबैलाई **अज्ञात** रूपमा वृक्षलाई हल्लाएको झैँ गरेर उत्ताउने गरेर सेलाएर गयो ।

२१५. **के त्यो** बिर्सिने कुरा थियो ?

२१६. जुन तुफान **र** आँधीबेहरीको **एकान्त** अनुभव केवल हामी दुवैलाई मात्र भयो ।

२१७. **शरदको त्यो** अपराहन्नमा **के त्यसले** हामीलाई निर्दोष रहन दिन्छ ?

२१८. **के त्यसले** एउटा रहस्यमय सम्बन्छमा एउटा गोपनियता भित्र हामीलाई बाँधेर गएन ?

२१९. **यो** भर्खरैको अनुभव हाम्रो आफ्नो निजी कार्ष हो, **त्यसमा अरू** कसैलाई साझेदार गराउन उचित हुने छैन ।

२२०. अरुले **यो** कुरा थाहा पाए **भने -मेरो** बालक मनमा लाज होला **भन्ने** कुरा मात्र आइरह्यो ।

२२१. **कसैले** थाहा पाए **भने** लाज होला ! किन लाज होला, यसको विवेचना गर्ने बुद्धि ममा पलाइसकेको थिएन ।

२२२. लाज हाला, **कसैले** थाहा नपाऊन भनेर **मैले भनें - "मलाई** ठीक छ, फगुनी ! तिमी जाऊ ।"

**तालिका सङ्ख्या - २२**

**निर्धारित कथाको बाइसौं अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण**

| वा.स. | सम्बद्धक | प्रयुक्त शब्द |
|---|---|---|
| २१३ र २१४ | संयोजन | तर |
| | सार्वनामिक | जे |
| | निपात | त |
| २१४ र २१५ | स्थानिक | अज्ञात |
| २१५ र २१६ | प्रश्नवाचक | के |
| | अग्रसन्दर्भक | त्यो |
| २१६ र २१७ | संयोजन | र |
| | स्थानिक | एकान्त |
| २१७ र २१८ | अग्रसन्दर्भक | त्यो |

| | | |
|---|---|---|
| | प्रश्नवाचक | के |
| | कालिक | शरदको |
| | स्थानिक | त्यसले |
| २१८ र २१९ | प्रश्नवाचक | के |
| | पुनरावृत्ति | त्यसको |
| २१९ र २२० | सार्वनामिक | यो |
| | स्थानिक | त्यसमा |
| | सार्वनामिक | अरू |
| २२० र २२१ | सार्वनामिक | यो |
| | संयोजन | भने |
| २२१ र २२२ | सार्वनामिक | कसैले |
| | संयोजन | भने |
| २२२ र २२३ | सार्वनामिक | मैले |
| | संयोजन | भने |
| | सार्वनामिक | मलाई |

माथिको बाइसौँ अनुच्छेदमा वा. स. २१३-२२२ सम्म जम्मा १० ओटा वाक्यहरू रहेका छन् । जसमा २७ ओटा सम्बद्धकको प्रयोग भएका छन् । जसअर्न्तग ६ संयोजन, ९ सार्वनामिक, १ निपात, ४स्थानिक, १ कालिक, ३ प्रश्नवाचक, २ अग्रसन्दर्भक र १ पुनरावृत्ति सम्बद्धकहरूको प्रयोग भएको छ ।

**निर्धारित कथाको तेइसौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण**

कथाको तेइसौँ अनुच्छेदमा वा.स. २२३-२२५ सम्म जम्मा ३ ओटा वाक्यहरू रहेका छन् । उक्त वाक्यका सम्बद्धकहरूको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :-

२२३. फगुनीले **त** धेरै कुरा बुझ्हिोली ।

२२४. लाजको स्पष्ट कारण **मैले** बुझ्न नसकेको पनि **उसको** लागि **दुर्बोध** थिएन ।

२२५. यसो **मलाई** आखिरी चोट हेरेर **माथि कोठामा** लिप्न भनेर गई ।

**तालिका सङ्ख्या - २३**

**निर्धारित कथाको तेइसौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण**

| वा.स. | सम्बद्धक | प्रयुक्त शब्द |
|---|---|---|
| २२३ र २२४ | निपात | त |
| २२४ र २२५ | सार्वनामिक | उसको |
| | सार्वनामिक | मैले |
| | विशेषण | दुबौध |
| २२५ र २२६ | सार्वनामिक | मलाई |
| | स्थानिक | माथि |
| | स्थानिक | कोठामा |

माथिको तेइसौँ अनुच्छेदमा वा. स. २२३-२२५ सम्म जम्मा ३ ओटा वाक्यहरू रहेका छन् । जसमा ७ ओटा सम्बद्धकको प्रयोग भएका छन् । जसअन्तर्गत १ निपात, ३ सार्वनामिक, १ विशेषण र १ स्थानिक सम्बद्धकहरूको प्रयोग भएको छ ।

**निर्धारित कथाको चौबिसौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण**

कथाको चौबिसौँ अनुच्छेदमा वा.स. २२६-२३१ सम्म जम्मा ६ ओटा वाक्यहरू रहेका छन् । उक्त वाक्यका सम्बद्धकहरूको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :-

२२६. **एकछिनपछि** मिट्ठुले **मलाई** त्यस अवस्थामा पाए ।

२२७. **मेरो** घाउ धोइयो ।

२२८. पानीपट्टी बाँधियो ।

२२९. घाउ निको हुन **धेरै दिन** लाग्यो ।

२३०.चोट लागेको दिन **घरमा काफी** हल्लीखील्ली मच्चियो **तर** कसैले पनि फगुनमाथि वेतभैरवी चढेको थाहा पाएनन् ।

२३१. **केही दिनपछि** घाउ भरियो ।

**तालिका सङ्ख्या - २४**

**निर्धारित कथाको चौबिसौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण**

| वा.स. | सम्बद्धक | प्रयुक्त शब्द |
|---|---|---|
| २२६ र २२७ | कालिक | एकछिन पछि |
| | सार्वनामिक | मलाई |
| २२७ र २२८ | सार्वनामिक | मेरो |
| २२८ र २२९ | कालिक | धेरै दिन |
| २२९ र २३० | स्थानिक | घरमा |
| २३० र २३१ | नाम | काफी |
| | संयोजन | तर |
| २३१ र २३२ | कालिक | केही दिन पछि |

माथिको चौबिसौँ अनुच्छेदमा वा. स. २२६-२३२  सम्म जम्मा ६ ओटा वाक्यहरू रहेका छन् । जसमा ८ ओटा सम्बद्धकको प्रयोग भएका छन् । जसअन्तर्ग ३ कालिक, १ स्थानिक, १ नाम, १ स.योजन र २ सार्वनामिक सम्बद्धकहरूको प्रयोग भएको छ ।

**निर्धारित कथाको पच्चिसौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण**

कथाको पच्चिसौँ अनुच्छेदमा वा.स. १३२-२४७  सम्म जम्मा १६ ओटा वाक्यहरू रहेका छन् । उक्त वाक्यका सम्बद्धकहरूको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :-

२३२. **एक दिन म** लेलहनको **घरनिर कोसीको त्यो** भँगालोलाई तरिरेको थिएँ ।

२३३. **त्यसमा** घुँडासम्म मात्र पानी थियो ।

२३४. निर्मल पानी ।

२३५. धोती घुँडामाथि सारेर पानीमा रमाइलो मान्दै गोडा चालिरहेको थिएँ ।

२३६. घाउ भरिइसकेको थियो **र** रातो खाटो टाढैबाट टल्किन्थ्यो ।

२३७. फगुनी आफ्नो **अङ्नाअगाडिको आँपको रूखमुनि** उभिएर टाढैदेखि **मलाई** आएको हेरिरहेकी थिई ।

२३८. नदी तरेर ऊनिहरू आएपछि **उसले** भनि -"चुमौन भनेको तिकीले अब राम्ररी बुझ्यौ होला ।"

२३९. रगत -रगतको भेला ! **त्यस दिन** तिम्रो रगत **र मेरो** रगत बाँसको थुप्रोमाथि मिस्सिएको थियो ।

१४०. **मैले** हाँसेर **भनैं** -"गौनाका लागि **धेरै दिन** पर्खनुपर्छ, हाइन ?

२४१. **उसले** भनी -"चुमौन मुख्य कुरा हो - **तर** जे हास्, **मैले** यस्तो किसिमबाट डामेर छोडेकी छु **कि** आजीवन **यो** दाश आफ्नो **जीउमा** धारणा गरेर हिँडिरहने छौ ।

२४२. **मैले** पनि त्यस पागल क्षणको चिहन शरीरमा लिइराखेकी छु ।"

२४३. नभन्दै **उसको** गोडाको घाउ अझै राम्ररी निको भएको रहेनछ ।

२४४. आज **धेरै दिनपछि, पैँतीस वर्षपछि,** घुँडाको खाटोलाई हेर्दा फगुनीको सम्झना हुन्छ ।

२४५. **कहाँ छ त्यो ?**

२४६. बाँचेकी **नै** छ ?

२४७. गौना **कहिले** भयो होला **उसको** जब **उसको** पति उसलाई लिन **त्यो गाउँमा** आयो होला, **उसको** पतिले श्वेतभैरवीको **दर्शन** पायो होला कि पाएन होला ?

## तालिका सङ्ख्या - २५

## निर्धारित कथाको पच्चिसौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण

| वा.स. | सम्बद्धक | प्रयुक्त शब्द |
|---|---|---|
| २३२ र २३३ | कालिक | एक दिन |
| | सार्वनामिक | म |
| | स्थानिक | कोसीको |
| | स्थानिक | घरनिर |
| | सार्वनामिक | त्यो |
| २३३ र २३४ | स्थानिक | त्यसमा |
| २३४ र २३५ | - | - |
| २३५ र २३६ | - | - |
| २३६ र २३७ | संयोजन | र |
| २३७ र २३८ | स्थानिक | आङ्नाअगाडि |
| | स्थानिक | आँपको रुखमुनि |
| | सार्वनामिक | मलाई |
| २३८ र २३९ | सार्वनामिक | उसले |
| २३९ र २४० | कालिक | त्यस दिन |
| | संयोजन | र |
| | सार्वनामिक | मेरो |

| | | |
|---|---|---|
| २४० र २४१ | सार्वनामिक | मैले |
| | संयोजन | भने |
| | कालिक | धेरैदि |
| २४१ र २४२ | सार्वनामिक | उसले |
| | संयोजन | तर |
| | सार्वनामिक | मैले |
| | संयोजन | कि |
| | अग्रसन्दर्भक | त्यो |
| | स्थानिक | जीउमा |
| २४२ र २४३ | सार्वनामिक | मैले |
| २४३ र २४४ | सार्वनामिक | उसको |
| २४४ र २४५ | कालिक | धेरैदिन पछि |
| | कालिक | पैँतीस वर्षपछि |
| २४५ र २४६ | स्थानिक | कहाँ छ त्यो ? |
| २४६ र २४७ | निपात | नै |
| २४७ र २४८ | कालिक | कहिले |
| | सार्वनामिक | उसको |
| | सार्वनामिक | उसको |
| | स्थानिक | त्यो गाउँमा |

| | | |
|---|---|---|
| | सार्वनामिक | उसको |
| | नाम | दर्शन |

माथिको पच्चिसौँ अनुच्छेदमा वा. स. २३२-१४७ सम्म जम्मा १६ ओटा वाक्यहरू रहेका छन् । जसमा ३५ ओटा सम्बद्धकको प्रयोग भएका छन् । जसअन्तर्ग ८ स्थानिक, १३ सार्वनामिक, ५ संयोजन, १ नाम, १ निपात र १ अग्रसन्दर्भक (सार्वनामिक) सम्बद्धकहरूको प्रयोग भएका छन् ।

**निर्धारित कथाको छब्बिसौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण**

कथाको छब्बिसौँ अनुच्छेदमा वा.स. २४८अर्थात एउटा मात्र वाक्य रहेको छ । उक्त वाक्यका सम्बद्धकहरूको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :-

२४८. **कोसीको त्यो भन्गाँलो, त्यो** हुर्किन नसकेको **आँपको रुख र** लेलहा केओटा **के हाल** छ **आजकाल** ?

**तालिका सङ्ख्या - २६**

**निर्धारित कथाको छब्बिसौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण**

| वा.स. | सम्बद्धक | प्रयुक्त शब्द |
|---|---|---|
| २४८ | स्थानिक | कोसी |
| | सार्वनामिक | त्यो |
| | स्थानिक | भँगालो |
| | सार्वनामिक | त्यो |
| | स्थानिक | आँपको रुख |
| | संयोजन | र |
| | सार्वनामिक | के |

| | | |
|---|---|---|
| | कालिक | हाल |
| | कालिक | आजकाल |

माथिको छब्बिसौं अनुच्छेदमा वा. स. २४८ अर्थात एउटा मात्र वाक्यको प्रयोग भएको छ । जसमा ९ ओटा सम्बद्धकको प्रयोग भएका छन् । जसअन्तर्ग ३ स्थानिक, ३ सार्वनामिक, २ कालिक र १ संयोजन सम्बद्धकहरूको प्रयोग भएका छन् ।

# अध्याय - पाँच

# निष्कर्ष, सुझाव र उपयोगिता

## निष्कर्ष

सङ्कथन अभिव्यक्तिका दृष्टिले कथ्य र लेख्य गरी दुई प्रकारका रहेका छन् । सङ्कथन विश्लेषणका प्रमुख दुई युक्ति/विधिहरूमा सम्बद्धबक र सम्बद्धन रहेका छन् । विश्वेश्वरप्रसाद घिमिरेद्वारा लिखित 'श्वैतभैरवीं कथालाई विभिन्न अनुच्छेलमा विभाजन गरी वाक्यगत रूपमा सङ्कथन विश्लेषणमा सम्बद्धक विधिको प्रयोग र विश्लेषण गरिएको छ ।

प्रस्तुत कथालाई जम्मा छब्बिसौँ अनुच्छेदमा अनुबन्धित गरिएको छ । प्रस्तुत पाठलाई अनुच्छेदगत रूपमा वर्गीकरण गरी त्यहाँ रहेका सम्बद्धकहरूको पहिचान र विश्लेषण गरिएको छ । उक्त पाठभित्र भाषिक, जोर्नी वा सम्बद्धकका रूपमा स्थानिक, कालिक, सार्वनामिक, निपात, संयोजन, पुनरावृत्ति सम्बद्धकले अभिव्यक्तिलाई शिलशिलाबद्ध रूपमा जोड्ने काम गरेका छन् । प्रस्तुत कथाको अध्ययन र विश्लेषण पश्चात निम्न निष्कर्ष निकालिएको छ ।

- श्वेतभैरवी कथामा साना र ठूला गरी छब्बिस ओटा अनुच्छेदहरू रहेका छन् ।
- प्रस्तुस्त कथामा छोटा लामा गरी जम्मा २४८ ओटा वाक्यहरू रहेका छन् ।
- कथामा भएका अनुच्छेदमा कम्तीमा १ वाक्य र बढीमा ३७ ओटा वाक्य रहेका छन् ।
- प्रस्तुत कथामा जम्मा ५३९ पटक विविध सम्बद्धकहरूको प्रयोग भएको छ ।
- कथा भित्र कालिक ५२, विशेषण ६, सार्वनामिक १५६, स्थानिक १२३, पुनरावृत्ति ३०, संयोजन १०५, क्रियायोगी ३, निपात २९, नाम १३, प्रश्नवाचक ९, दित्व ३, आरोपित शब्द २, अग्रसर्न्दभक ८ सम्बद्धकको प्रयोग गरिएको छ ।
- प्रस्तुत कथाको अध्ययनपश्चात विविध वर्णविन्यासहरूमा जे जस्तो भए पनि सङ्कथनका दृष्टिले भने उपयुक्त नै देखिन्छ ।

समग्रमा प्रस्तुत 'श्वेतभैरवीं कथा सङ्कथन विश्लेषणको अध्ययन तथा सङ्कथन र यसका युक्ति सम्बद्धकका आधारमा अर्थपूर्ण, पठनयोग्य, बोधगम्यता, अन्वितिपूण रहेको देखिन्छ ।

## सुझाव

प्रस्तुत शोध नेपाली कथा भाग ४ मा समावेश गरिएको विश्वेश्वरप्रसाद कोइरालाको एक उत्कृष्ट कथा 'श्वेतभैरवीं कथा सङकथन विश्लेषणका आधारमा गरिएको छ । अध्ययन पश्चात प्राप्त परिणामका आधारमा हेर्दा निम्न सुझावहरू पेश गरिएको छ :-

- साहित्यिक कृतिहरूमा कम्तीमा चार, पाँच वाक्यका अनुच्छेदहरू निमार्ण गर्दा सङ्कथन विश्लेषण अधिकांश संशक्तिहरूको प्रयोग हुन सक्ने साथै उक्त कृत्तिसमेत उत्कृष्ट बन्न सक्ने देखिन्छ ।
- सङ्कथन विश्लेषणको निम्ति वाक्यहरू मध्यम हुनुपर्ने आवश्यकता रहेकोमा प्रस्तुत कथाका कुनै वाक्य पूरै अनुच्छेद बराबर रहेको पाइयो । त्यस्तामा विश्लेषणका क्रममा सम्बद्धकहरू छुट्ने सम्भावना रहन्छ । यसका लागि मध्यम खालका वाक्यहरू सङ्कथन विश्लेषण साथै अध्ययनका निम्ति पनि सहज र सरलता हुँदा सुवोध्य बन्न सक्ने देखिन्छ ।

## उपयोगिता

### शोधको उपयोगिता

सङ्कथन विश्लेषणले पाठमा प्रयुक्त भाषिक संरचना र सन्दर्भ दुवैको अध्ययन र विश्लेषण गर्ने हुनाले यसको महत्त्व धेरै रहेको छ । प्रस्तुत शोधको शैक्षणिक उपयोगितालाई निम्न बुँदामा उल्लेख गर्न सकिन्छ :-

- प्रस्तुत शोधले सङ्कथन विश्लेषण गर्न चाहने अनुसन्धान कर्तालाई उहयोग पुऱ्याउने छ ।
- भाषा पाठ्यपुस्तक निमार्ण गर्न, पाठ्यक्रमको छनौट र स्तरण गर्न सहयोग गर्ने छ ।
- शैक्षिक सामग्रीको प्रयोग गर्न सहयोग पुग्छ ।
- भाषा शिक्षणमा सहयोग पुऱ्याउँछ ।
- भाषिक सिपलाई अखण्ड रुपमा शिक्षण गर्नका लागि सहयोग पुग्छ ।
- लेखकलाई आफ्नो कृति भित्र भएका कमिकमजोरी सुधार गर्न मार्गदर्शन प्रदान गर्छ ।

## शोधको कार्यान्वयन

भाषा शिक्षण भाषिक सीपहरूको शिक्षण हो । सङ्कथन एउटा अखण्डित भाषिक अभिव्यक्ति हो । तसर्थ सङकथनले भाषिक सीपलाई अखण्डरूपमा शिक्षण गर्न सहयोग पुऱ्याउँछ । यसबाट सबैले आ-आफ्नो क्षेत्रमा प्रयोग गरी फाइदा उठाउन सक्छन् । विशेष गरी लेखक, पाठ्यक्रमविद, पाठ्यपुस्तक लेखक, विद्यार्थी, समालोचक, प्राध्यापक, भाषविद, कवि सबैले सङ्कथन विश्लेषणको उपयोग गरी लाभान्वित तथा सबैलाई फाइदा पुग्छ ।

## आगामी अनुसन्धानका लागि सम्भावित शोध शीषर्कका क्षेत्रहरू

सङ्कथन विश्लेषणसंग सम्बन्धित भएर अध्ययन, अनुसन्धान गर्न चाहने शोधकर्ताहरूका लागि निम्नलिखित आधारमा चयन गरिएका शीर्षक उपयुक्त हुन सक्छन् ।

- कुनै कथा, जीवनी, नाटक, एकाङ्की, संवाद विधाको सङ्कथन विश्लेषण ।
- कुनै कविता वा काव्यको सङ्कथन विश्लेषण ।
- सान्नानी कथामा प्रयुक्त सम्बद्धकहरूको सङ्कथन विश्लेषण ।
- स्कूल मास्टर कथामा प्रयुक्त सम्बद्धकहरूको सङ्कथन विश्लेषण ।
- सिपाही कथामा प्रयुक्त सम्बद्धकहरूको सङ्कथन अध्ययन विश्लेषण ।

## सन्दर्भसूची


अधिकारी, हेमाङ्गराज र अन्य (२०७०), **सामान्य भाषा विज्ञान**, काठमाडौँः रत्न पुस्तक भण्डार ।

खनाल, दिपा (२०७२), **'मधुमालतीको कथा'** कथाको सङ्कथन विश्लेषण, स्नातकोत्तर शोधपत्र नेपाली शिक्षा विभाग, जनता बहुमुखी क्याम्पस, इटहरी ।

घिमिरे, एकराज (२०७१), **'जय भोलि'** निबन्धको सङ्कथन विश्लेषण, स्नातकोत्तर शोधपत्र नेपाली शिक्षा विभाग, जनता बहुमुखी क्याम्पस, इटहरी ।

ढकाल, शान्तिप्रसाद (२०७०), **प्रायोगिक भाषाविज्ञानका प्रमुख आयामहरु,** काठमाडौँः शुभकामना प्रकाशन

नेपाल, वसन्तकुमार शर्मा (२०७०), **नेपाली शब्दसागर** (दो.सं.), काठमाडौँ : शब्दार्थ प्रकाशन ।

न्यौपाने, टङ्कप्रसाद र अन्य (२०६७), **सामान्य भाषाविज्ञान**, काठमाडौँ, सनलाइट पब्लिकेशन ।

पौडेल, माधवप्रसाद (२०६९), **प्रायोगिक भाषाविज्ञानका प्रमुख आयामहरु,** काठमाडौँः हेरिटेज पब्लिकेशन

भण्डारी, पारसमणि र अन्य (२०६७), **सामान्य भाषाविज्ञान**, काठमाडौँः विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि र अन्य (२०७१), **नेपाली गद्य र नाटक**, काठमाडौँः विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, विद्यादेवी (२०७३), **'अछुत जातिलाई टीका लगाउँदा'**, निबन्धको सङ्कथन विश्लेषण, स्नातकोत्तर शोधपत्र नेपाली शिक्षा विभाग, जनता बहुमुखी क्याम्पस, इटहरी ।

भट्टराई, अंशु (२०७६), **'कोको'** कथाको सङ्कथन विश्लेषण, स्नातकोत्तर शोधपत्र नेपाली शिक्षा विभाग, जनता बहुमुखी क्याम्पस, इटहरी ।

भट्टराई, रामप्रसाद, (२०६८), **भाषिक अनुसन्धान विधि,** काठमाडौँ : शुभकामना प्रकाशन ।

भट्टराई, पोषराज (२०७१), **'माउजङ्ग बाबुसाहेबको कोट'** कथाको सङ्कथन विश्लेषण, स्नातकोत्तर शोधपत्र नेपाली शिक्षा विभाग, जनता बहुमुखी क्याम्पस, इटहरी ।

लुइटेल, लक्ष्मी (२०७४) **'लङ्गडाको साथी'** उपन्यासको सङ्कथन विश्लेषण, स्नातकोत्तर शोधपत्र मानवीकी सङ्काय, नेपाली केन्द्रिय विभाग त्रि. वी. कीर्तिपुर ।